Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३०, २०७७ साल वैशाख २ गते मंगलबार (April, 14,2020) www.janaakash.com.np मुल्य रु १०।-


**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

## सूचना

**जन आकाश राष्ट्रिय साप्ताहिक विगत लामो समयदेखि निरन्तर प्रकाशित भइरहेको जानकारी गराउँदै आएका छौं । विश्व कोरोनो भाइरस (कोभिड-१९)ले आक्रान्त भइरहेको बेला नेपाल पनि यसमा अछुतो रहन सकेन । त्यसैले यस लकडाउन अवधिभरी यस साप्ताहिकले पाठक सामु रङ्गिन निकाल्न नसकेको हुँदा त्यसमा आम पाठक वर्ग, विज्ञापनदाता, शुभेच्छुकहरुलाई जानकारी गराउँदै यस लकडाउन अवधिभर श्याम स्वेतमा प्रकाशित गर्न बाध्य भएका छौं ।**


सम्पर्कः ४१६७५७८ (बागबजार), मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# सीमा क्षेत्रमा तारबार लगाउन माग

काठमाडौं । भारतले पटक-पटक नेपालको सीमा अतिक्रमण गरी दुःख दिएको र नेपालको सार्वभौमसत्तामाथि नै प्रश्न खडा हुने गरी गतिविधि गरेको भन्दै सांसदहरुले तत्काल दुई देशबीचको सीमा व्यवस्थापन गर्ने गरी तारबार लगाउन माग गरेका छन् । कोरोनाको सङ्क्रमण फैलन नदिन लकडाउन जारी रहेको बेला पछिल्लोपटक नेपालको भूमि अतिक्रमण गरी सडक निर्माण गरेको र नेपालको अस्मितामाथि नै हमला गरेकाले सीमा क्षेत्रमा तत्काल तारबार गर्न उहाँहरुले सरकारको ध्यानाकर्षण गराए । राष्ट्रियसभाको बैठकको शून्य समयमा सीमा अतिक्रमणविरुद्ध सरकारले कूटनीतिक पहल गर्नुपर्ने र आफ्नो भूमि एक इन्च पनि नछाड्ने गरी प्रक्रिया अगाडि बढाउन सांसदले माग गरे ।



केही सांसदले त सीमा क्षेत्रमा तारबार लगाउने निर्णय भएको खण्डमा आफूले पाउने पारिश्रमिक समेत उपलब्ध गराउने प्रतिबद्धता जनाए । भारतले पछिल्लोपटक यही वैशाख २६ गते नेपाली भूमि अतिक्रमण गरी निर्माण भएको धार्चुला हुँदै मानसरोवर जाने सडक उद्घाटन गरेको हो । भारतको उक्त कमदका विरुद्ध नेपाल सरकारले भारत सरकारलाई यहाँस्थित राजदूतमार्फत कूटनीतिक नोटसमेत उपलब्ध गराइसकेको छ । भारतले मित्रवतको व्यवहार नगरेको, नेपाली भूमिमाथि नजर लगाएको, अनाधिकृतरूपमा सडक निर्माण गरी दुःख दिएकाले सरकारले कूटनीतिक राजनीतिक दुवै प्रयासका अलावा अन्य पहल गर्नसमेत आग्रह गरे । सांसद अनिता देवकोटाले सीमा क्षेत्रमा भारतले निर्माण गरिरहेको सडकको बारेमा सरकारलाई जानकारी नै थिएन भनेर सरकारी पक्षबाट आएको धारणा गलत रहेको भन्दै तत्काल प्रष्ट्याउन माग गरिन् ।

सांसद इन्दु कडरियाले नेपालीको घर आँगनमा नै भारतीयले आएर दुःख दिएको र सीमा अतिक्रमण गरेर दुःख दिएकाले पूर्वदेखि पश्चिमसम्म सीमा निर्धारण गरी काँडेतार लगाउन माग गरिन् । उनले सीमा व्यवस्थित गर्ने पहल सरकारले गरेको खण्डमा आफूले पाउने एक वर्षको सेवा सुविधा उपलब्ध गराउने प्रतिबद्धता जनाइन् । सांसद उदयाशर्मा पौडेलले नेपालको भूमिमाथि भारतले पटक-पटक अतिक्रमण गरेर दुःख दिएकाले कहिल्यै समस्या नबल्झने गरी निरुपण गर्नुपर्ने धारणा राखिन् । सांसद कविता बोगटीले हात्तीको दुई वटा दाँत हुन्छ भनेजस्तै गरेर भारतले मिचाहा प्रवृत्ति देखाएको र हामीले सधैं सहेर बस्नुपर्ने अवस्थाको अन्त्य गर्न माग गरिन् । उनले भनिन्, 'हामीले नगरे कसले गर्ने, अहिले नगरे कहिले गर्ने भन्ने मान्यताका साथ काम गर्नुपर्छ ।'

सांसद गङ्गाकुमारी बेलवासेले कालापानी नदी हाम्रो सीमा नदी भए पनि भारतले नक्कली कालीनदी र पोखरी बनाएर नेपाली सीमा मिचेको


बाँकी ८ पृष्ठमा



# लकडाउन चाँडै हटाउनु घातक



जेनेभा । विश्व स्वास्थ्य संगठन ( डब्लुएचओ) ले लकडाउन सहितका प्रतिबन्धह चाँडै हटाउदा संक्रमणको पुनरावृत्ति हुने चेतावनी दिएको छ । डब्ल्यूएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेहब्रेयससले नियमित पत्रकार सम्मेलनका क्रममा लकडाउनसहितका प्रतिबन्धहरु फुकुवा वा खुकुलो बनाउँदा प्रत्येक देश सचेत हुनुपर्ने बताएका हुन् । प्रतिबन्धले आर्थिक समस्या ल्याए पनि त्यसले मानव जीवनको रक्षा गरिरहेको उनको भनाइ छ । डब्लुएचओले विश्वका सरकारहरुसँग जारी प्रतिबन्धहरु फुकुवा गर्ने वा खुकुलो पार्ने सम्बन्धमा रणनीति बनाइरहेको छ ।


बाँकी ८ पृष्ठमा


# सुरक्षाकर्मी फिर्ता लैजान श्रेष्ठको आग्रह



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी ( नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले आफ्नो सुरक्षाका लागि सरकारले उपलब्ध गराएको सुरक्षाकर्मी फिर्ता लैजान आग्रह गरेका छन् । आफूलाई कुनै सुरक्षाको खतरा महसुस नभएको उल्लेख गर्दै उनले राज्यको आवश्यकताका लागि सुरक्षाकर्मी फिर्ता लैजान आग्रह गरेका हुन् । पछिल्ला दिनमा सीमा सुरक्षाका लागि विशिष्ट व्यक्तिको सुरक्षामा खटिइएका


बाँकी ८ पृष्ठमा


# लकडाउनमा उस्तै कडाई

काठमाडौं । सरकारले आगामी वैशाख पहिलो सातासम्म थप गरेको लकडाउनमा अझै कडाइ गर्ने नीति लिएको छ । कोभिड-१९ संक्रमण रोकथाम तथा समन्वय उच्चस्तरीय समितिको बिहीबार बसेको बैठकले काठमाडौं उपत्यकामा अलपत्र परेकालाई दुई दिनका लागि बाहिर जान खुला गर्ने निर्णय गरेको थियो । प्रदेश सरकार र स्थानीय तहको विरोधपछि केन्द्र सरकार त्यस निर्णयबाट पछि हट्दै लकडाउन कडाइ गर्नेमा पुगेको हो ।

समिति संयोजकसमेत रहेका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बसेको बैठकमा काठमाडौंबाट बाहिर जान चाहनेलाई दुई दिन खुला गरेर पठाउने सहमति भएको थियो । काठमाडौंमा डेरामा बस्ने विद्यार्थी, मजदुरलगायतमा समस्या भएको भन्दै दुई दिन बाहिर पठाउन खुला गर्ने सहमति भएको थियो । सो सहमति नै दुई घण्टापछि उल्टिएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नामको फेसबुकबाट प्रमाणित पेजमा लकडाउनका कारण काठमाडौं उपत्यकाबाट बाहिरिन खोज्ने बासिन्दालाई मध्यनजर गर्दै उच्चस्तरीय समितिको बैठकले काठमाडौं उपत्यकाबाट बाहिरिने मार्ग खोल्ने निर्णय गरेको सूचना पोस्ट गरिएको थियो । साँझ सो सूचनामा नै अपडेट गर्दै स्थानीय तथा प्रदेशस्तरका सरकारहरूले मान्यता नदिएको हुनाले उपत्यकाबाट बाहिरिने मार्ग खोल्ने निर्णय फिर्ता गरिएको जनाइएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्त नेम्वाङले अहिले कसैलाई पनि उपत्यकाबाट बाहिर पठाउन नसकिने बताए । गृह मन्त्रालयका सहप्रवक्ता उमाकान्त अधिकारीले पनि विज्ञप्ति जारी गर्दै काठमाडौं उपत्यकामा विभिन्न कारणले रोकिएका नागरिकलाई उपत्यकाबाहिर पठाउने सम्बन्धमा कुनै पनि निर्णय नभएको जानकारी गराएका छन् । समितिको निर्णयमा गृह मन्त्रालय तथा सुरक्षा निकायले व्यवस्थापन गर्न असहज हुने बताएका थिए भने प्रदेश प्रमुखहरूले काठमाडौंबाट बाहिर जान दिने भए लकडाउनको अर्थ नहुने भन्दै विरोध गरे पनि काठमाडौंबाट कसैलाई पनि बाहिर जान नदिने र लकडाउनमा कडाइ गर्नेमा सरकार पुगेको हो । समितिमा काठमाडौंमा बसेकाहरूलाई बाहिर पठाउने निर्णय हुँदै गदा प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले सामाजिक सञ्जालमार्फत विरोध गरेका थिए । उनले काठमाडौंबाट बाहिर जान दिने भए लकडाउनको कुनै अर्थ नहुने भन्दै विरोध जनाएका थिए ।

सरकारले गत ११ चैतबाट एक साताका लागि लकडाउन गरेको थियो । पुनः सरकारले एक साताका लागि लकडाउन गरेकोमा पछिल्लोपटक ३ वैशाखसम्म पुर्‍याएको छ । लकडाउन लम्बिएपछि कतिपय मानिस हिँडेरै गाउँ फर्किन थालेका छन् । विद्यार्थी तथा अनौपचारिक क्षेत्रमा काम गर्नेहरू गाउँ फर्किन चाहेका छन् । सरकारले उनीहरूको व्यवस्थापनको उपायस्वरूप दुई दिन खुला गर्ने तयारी गरेको थियो । मुख्यमन्त्री पोखरेलले लकडाउनमा अप्ठ्यारो परेकाहरूलाई गाउँ पठाउनुभन्दा राहत व्यवस्थापन गर्न सुझावसमेत दिएका छन् ।

# दुई हजार वर्षपछि बिस्केट जात्रा स्थगित

भक्तपुर । विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण भक्तपुरको चिनारीका रूपमा रहेको बिस्काः जात्रा अर्थात् बिस्केट जात्रा यसपालि नमनाइने भएको छ । देशमा अनिकाल, रोग, व्याधि, शत्रु नाशको कामना गर्दै मनाइने बिस्काः जात्रा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसका कारण नै रोकिन पुगेको हो । भक्तपुरको सबैभन्दा लामो बिस्काः जात्रा २७ चैतको बेलुकादेखि सुरु हुँदै छ । आठ दिन नौ रातसम्म मनाइने बिस्काः भक्तपुरको लामो र मुख्य जात्रा हो । स्थानीय भाषामा बिस्का भनिने यो जात्रालाई अहिले बिस्केट भनेर चिनिन्छ ।

भक्तपुर नगरको केन्द्रमा अवस्थित पाँचतले र भैरवनाथको मन्दिर प्रांगणमा निर्माण गरिएको तीनतले प्यागोडा शैलीको भैरवनाथको रथ तानेर बिस्का जात्रा सुरु हुन्छ । यस दिनलाई स्थानीय भाषामा द्य क्वहाँबिज्याइगु (देवता तल सवारी हुने) भनिन्छ । तर, भक्तपुरमा बिस्का जात्रा सुरु नहुँदै कोरोनाका कारण लकडाउन हुँदा बिस्का जात्रामा प्रयोग हुने तीनतले रथले पूर्णतासमेत पाउन सकेको छैन । पाँचतले मन्दिरको आँगनमा निर्माणको पर्खाइमा नै रथका विभिन्न पाटपुर्जा छरिएर रहेका छन् ।



गुठी संस्थानले यो वर्ष नयाँ रथ बनाउन बेतसीलगायत छानाका विभिन्न भाग तथा चारैवटा पांग्रा नयाँ निर्माण गराएको भए पनि यस वर्ष भैरवनाथको रथ भक्तपुरमा नगुड्ने भएको छ । हजारौं मानिसको भीडले पाँचतले मन्दिरको तल र माथि गरी तान्ने प्रचलन रहेको सो जात्रा यो वर्ष भने केवल पूजाआजामा मात्र सीमित हुने भएको छ ।

**बिस्केट अहिलेसम्म रोकिएको छैन**

करिब २ हजार वर्ष लामो इतिहासमा बिस्केट जात्रा नरोकिएको प्राडा. पुरुषोत्तम लोचन श्रेष्ठ बताउँछन् । उनका अनुसार जात्राको इतिहास हेर्दा विभिन्न कालखण्डमा भएका


बाँकी ८ पृष्ठमा





'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# आपूर्ति व्यवस्थापनमा ध्यान दिने कि ?

नेपाल सरकारले लकडाउनको समयसीमा लम्ब्याएसँगै काठमाडौंलगायतका ठूला सहरमा दैनिक उपभोग्य सामान आपूर्तिको समस्या देखा पर्न थालेको छ । अहिले अभाव नै त भएको छैन तर पनि सहरभित्र स्थायी बसोवास भएका र बाहिरबाट आई डेरा गरी बसेकाहरूको संख्या कम छैन । लकडाउनसँगै सहरभित्र सेल्फ क्वारेन्टाइनमा रहनेको ठूलो जनसंख्यालाई दैनिक उपभोग्य सामान आपूर्तिका लागि किनमेल गर्न बजार र सडकमा आउन दिइएको छैन भने अर्कोतिर उनीहरूका लागि आवश्यक न्यूनतम सामानहरू अभाव हुन दिनु पनि भएको छैन । पहिले हरेक व्यक्तिको जिम्मेवारीमा रहेको यो आपूर्ति व्यवस्थापन अब भने लकडाउनसँगै सरकार र विक्रेता संस्थाहरूको काँधमा आएको छ । एकै ठाउँमा हुने किनमेल र बिक्री वितरण अब प्रत्येक घरको दैलोसम्म वा त्यति नभए पनि टोलटोलमा रहेका खुद्रा पसलसम्म पु¥याउनुपर्ने भएको छ । अल्पकालकै लागि भए पनि परिस्थितिले यो अवस्था सिर्जना गराएको छ । त्यसैले सिर्जित यो केही भिन्न र नयाँ परिस्थितिको सामना गर्न राज्य तयार रहनुपर्छ । अरू बेलामा आमजनता आफैंले गरेको बहनको यो भार र भूमिका अब राज्यको थाप्लोमाथि आइपरेको छ ।

पहिलो चरणको जिम्मेवारीमा राज्यले दैनिक उपभोग्य सामग्रीको उपलब्धतालाई सहजीकरण गरिदिनेसँग बढी जोडिएको छ । किनकि लकडाउनको समय सुरुको अवस्थामा छ र अधिकांश उपभोक्ता यतिबेलासम्म आफूलाई आवश्यक दैनिक उपभोग्य सामानहरूको मूल्य तिर्न सक्षम रहेका देखिन्छन् । समस्या छ त केवल आपूर्तिको, यसैले यसको सहजीकरण मात्र गरिदिए पनि राज्यको तत्कालको भूमिका पूरा हुने देखिन्छ । तर, लकडाउनको समयसीमा आवश्यकता र महामारी संक्रमणको गम्भीरताले थप लम्ब्याउनु नै परेछ भने राज्यको आपूर्ति व्यवस्थापनले मात्र भूमिका पूरा हुने देखिँदैन । यसका लागि राहत तथा सुपथ मूल्यका पसल अनि राज्यकै पहलमा सबै उपोग्य सामग्रीको खरिद र आपूर्ति व्यवस्थापनसम्म गरिनुपर्ने देखिन्छ । यो तयारीमा सरकार अहिलेदेखि कार्यक्रमको तालिका बनाएर लागि पर्न जरुरी भइसकेको छ । किनकि, महामारीको समयावधि अडकल र अनुमानले परिकल्पना गरेको सीमाभित्र रहने देखिँदैन । फेरि यो महामारी नयाँनयाँ स्वरूप र संस्करणमा देखा पर्दै गइरहेको हुनाले बल्भिइरहने र दोहोरिइरहने देखिएको छ । आजको वैश्विकरणका कारण महामारीको निरन्तर आयात र निर्यात हुने पनि गरिरहेको पनि छ त्यसैले सरकारले सोहीअनुसारको आपूर्ति व्यवस्थापनको नयाँ रणनीति बनाउनुपर्छ ।

# कोसँग गर्ने प्रश्न ?

**रिसव गौतम**

शिक्षित देशमा आलोचनालाई आवश्यक र स्वाभाविक मानिन्छ । आलोचना गर्नसक्ने भनेकै केही बुझेका, सत्य र तथ्यमा टेकेर प्रश्न उठाउन सक्नेले नै हो । पूर्वाग्रह राख्नेहरुले सत्य र तथ्यलाई बिर्सन्छन् र फगत सराप्ने काम गर्छन् । त्यस्ता काम अन्धभक्तले गर्छन् । जसले हनुमानगिरी, चाप्लुसी गरेर आफ्नो स्वार्थको दुनो सोझ्याउँछन् ।

युरोप तथा अमेरिकी देश शिक्षित छन् । फलतः त्यहाँ आलोचनालाई स्वाभाविक रूपमा ग्रहण पनि गरिन्छ । तर नेपालमा सरकारले आलोचना सुन्नै नसक्ने ? जनताले आफूलाई शासन गर्ने सरकारसँग प्रश्न नगरे कोसँग गर्ने ? कुर्सीमा बसेका मन्त्री, प्रधानमन्त्रीले जनताका आशा र अपेक्षा अनुरूप काम नगरे उनीहरुको आलोचना नगरे कसको गर्ने ? कुर्सीमा बसेर काम चाहिँ बुद्धिमतापूर्वक गर्न नसक्ने अनि मिडिया, विपक्षी राजनीतिक दल वा जनताले आलोचना गरे भन्न सुहाउँदैन । कुर्सीमा बस्नेहरुका लागि मिडियाकर्मी, विपक्षी राजनीतिक दलका नेता कार्यकर्ता सबै जनता हुन् । त्यसकारण सरकारले राम्रो काम गरेर सबैले राम्रो गर्‍यो भन्ने अवस्था बनाउनु पर्छ । कम्तीमा विपक्षीले नराम्रो चाहिँ गरेन भन्ने अवस्था बनाउन सरकारले सक्नुपर्छ । बेरोजगार कार्यकर्तालाई उचालेर उनीहरुलाई आलोचक विरुद्ध जाइलाग भन्नु सरकारको कर्म र धर्म होइन । यस्तो कार्य सत्तामा रहेकाहरूले कुर्सीकै अवमूल्यन गर्नु हो । कुर्सीको गाम्भिर्यता नबुझ्नु हो । स्वच्छ आलोचनाले अवश्य पनि सरकार सञ्चालकलाई फाइदा पुग्छ । तर नेतृत्वमा त्यो ग्रहण गर्न सक्ने, मूल्याङ्कन गर्न सक्ने बुद्धिमता र फराकिलो हृदय हुनुपर्छ ।

सरकारले काम गर्न सक्दैन, सो कुरा मिडियाले लेख्छ, फेरि मिडियाले नै अहवाफ फैलाए भन्छ सरकार । मिडिया नभएको भए कोरोनाबारे सचेतना जगाउन यति सजिलो कहाँ हुन्थ्यो र ? भ्रष्टचारका आम रूप मिडियाले नै बाहिर ल्याएर जनतालाई सचेत गराएका छन् । त्यसकारण सरकार जिम्मेवारीहीनताको बाटोमा छ । कोरोनाले आक्रान्त पारेको अहिलेको समयमा सरकारको निन्दा मात्र कसैले गरेका छैनन् । विपक्षी दल नेपाली काँग्रेसका नेता शेरबहादुर देउवाले समेत विपतको घडीमा सरकारको कदमलाई सघाउने, आवश्यक सल्लाह, सहयोग गर्ने घोषणा गरेका छन् । त्यसकारण अहिलेको अवस्थामा कसैले पनि सरकारमाथि हुर्मत लिनु हुँदैन । तर सरकारको आफ्नै काम कारबाही नै अत्यन्त बुद्धिमत्ताहीन, अल्पकालीन रहेको देखिन्छ । तर सरकारले केही दिनअघि रमिता देखायो । दुई घण्टा अघाडि दुई दिन काठमाडौंमा अलपत्र परेकालाई बाहिर जान दिने भनेर सामाजिक सञ्जालबाट सूचना दियो । सरकारका मन्त्रीहरु, कोरोना रोकथाम तथा उपचार संयोजन समितिका सदस्यहरु, मन्त्रीकै सरकारी तलबधारी सल्लाहकारहरु सबैले त्यो खबर मिडियामाझ ल्याए । प्रधानमन्त्री कार्यालयबाट सञ्चालन हुने सरकारको आधिकारी फेसबुक पेजमै पनि दुई दिन अप्ठ्यारो परेकाहरूलाई काठमाडौं बाहिर जान दिने निर्णय भएको लेख्यो । यी स्रोतका आधारमा मिडियाहरुमा समाचार आए । पीडितहरुले राहत महसुस गर्दै कुम्लो कस्ने जमर्को गर्दै थिए । दुई घण्टा नपुग्दै सरकारले सो खालको निर्णय नै नभएको र मिडियाले फगत हल्ला फैलाएको भन्दै विज्ञप्ती जारी गर्‍यो । यतिसम्म लाछी र निम्छरो बन्नुपर्ने अवस्था दुई तिहाइ सरकारलाई थिएन ? आफैँ गल्ती गर्ने अनि मिडियालाई दोष किन ?

सरकारले काम गर्न सक्दैन, सो कुरा मिडियाले लेख्छ, फेरि मिडियाले नै अहवाफ फैलाए भन्छ सरकार । मिडिया नभएको भए कोरोनाबारे सचेतना जगाउन यति सजिलो कहाँ हुन्थ्यो र ? भ्रष्टचारका आम रूप मिडियाले नै बाहिर ल्याएर जनतालाई सचेत गराएका छन् । त्यसकारण सरकार जिम्मेवारीहीनताको बाटोमा छ । दुःखको यस घडीमा कलाकार, समाजसेवी, विभिन्न सङ्घ संस्था, बैङ्क तथा वित्तीय क्षेत्र सबैले आफ्नो गच्छेअनुसार राज्यले सिर्जना गरेको राहत कोषलाई दान गरेका छन् । सरकारमाथि विश्वासकै आधारमा जनताले त्यसरी अर्बौं रकम दान गरेका हुन् । त्यसकारण जनताले सरकारको आलोचना मात्रै गरेको छैनन् उसलाई सकेको सहयोग पनि गरेका छन् । बरु सरकार नै उल्टो बाटोमा छ । बिना तयारी निर्णयहरु गरिएका छन् ।

अनगिन्ती मजदुर, विद्यार्थी, निजी क्षेत्रमा काम गर्ने मानिस काठमाडौं लगायत अन्य सहरमा लकडाउनकै कारण अलपत्र छन् । खाने अन्न र बाच्चे आधार सक्किएको छ । कतिपय जीवन बचाउन मध्य रातमा हिँडेरै घर फर्किन काठमाडौं छाडेका छन् । तीन चार दिन लगाएर उनीहरु तराई पुग्ने जमर्को गरिरहेका छन् । तर तिनको दुःख, पीडा वा मर्म यो सरकारले किन बुझ्थ्यो र ? गरिब तथा बोल्न नसक्ने वर्गलाई दोस्रो दर्जाकै नागरिकझैँ व्यवहार गरेको छ सरकारले । अघिल्लो हप्ता पनि सरकारले मेडिकल उपकरणसम्बन्धी कुनै कारोबारै नगरेको, वाणिज्य विभागमा समेत दर्ता नभएको फगत व्यापारिक संस्था ओम्नी समूहलाई स्वास्थ्य सामग्री ल्याउने ठेक्का दियो । त्यो समूहले खरिद गरेको स्वास्थ्य सामग्री ४ गुणासम्म महँगो भएको र विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड भन्दा कमजोर रहेकाले अस्पतालका डाक्टरहरुले नै त्यसलाई स्वीकार गरेनन् । व्यापक कमिसनको खेल भएको समाचार आएपछि ओम्नीसँगको ठेक्का सम्झौता रद्द गरियो । त्यो ठेक्का दिलाउन भूमिका रहेको सरकारका दुई मन्त्री र जिम्मेवार अधिकारीहरुलाई कारबाही गरियोस् भनेर आम मान्छेले आवाज उठाए । सामाजिक सञ्जालमा भयङ्कर आवाजहरु उठे । तर विपद्को समयमा जनताका ती आवाज दबाइए । प्रधानमन्त्रीले सम्बोधनका क्रममा आफूलाई त्यो ठेक्काको विषयमा थाहा नभएको जवाफ दिए । उनले आफ्नो सरकारविरुद्ध जाइलाग्दै आएकाहरुले आलोचना गरेको निम्छरो जवाफ दिए । युरोपमा एक मन्त्रीले लकडाउन थोरै उल्लङ्घन गरेकामा उनको घटुवा भयो । तर नेपालमा औषधि खरिद काण्डमा मुछिएका मन्त्रीहरु बढुवा हुनसक्छन् ।

अनगिन्ती मजदुर, विद्यार्थी, निजी क्षेत्रमा काम गर्ने मानिस काठमाडौं लगायत अन्य सहरमा लकडाउनकै कारण अलपत्र छन् । खाने अन्न र बाच्चे आधार सक्किएको छ । कतिपय जीवन बचाउन मध्य रातमा हिँडेरै घर फर्किन काठमाडौं छाडेका छन् । तीन चार दिन लगाएर उनीहरु तराई पुग्ने जमर्को गरिरहेका छन् । तर तिनको दुःख, पीडा वा मर्म यो सरकारले किन बुझ्थ्यो र ? गरिब तथा बोल्न नसक्ने वर्गलाई दोस्रो दर्जाकै नागरिकझैँ व्यवहार गरेको छ सरकारले । चीनको उहानमा डाक्टर पढ्न गएका भीआईपी एवं धनीमानीका छोरोछोरीहरुलाई सरकारले विमान चार्टर गरेरै सानदार ढङ्गले उद्धार गर्‍यो । त्यो राम्रो कुरा थियो । हामीले राम्रै गर्‍यौ सरकार भनेर लेख्यौँ । तर त्यही सरकारले भारतमा चौकीदारी गर्न, रोजगारी गर्न गएकाहरु जो सिमानाकासम्मै आइपुगेका थिए, तिनलाई उद्धार गरेन । उनीहरुले मर्नु परे पनि आफ्नै देशमा मर्न देऊ भनिरहेका छन् । तर सरकारका प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा तिनलाई सङ्कटको घडीमा जहाँ छौ त्यहीँ बस् भनेर नालायक जबाफ दिए । चीनको उहानबाट ल्याएकाहरु अमूल्य हुन् र भारतको सीमानाकामा अलपत्र नेपाली नागरिक चाहिँ बेकामे हुन् र ? तिनले के खाए, खाएनन् अवस्था कस्तो छ, के सहयोग गर्न सकिन्छ भनेर सोच्ने क्षमता प्रधानमन्त्रीज्यूमा किन भएन ?

विपदको समयमा सबैभन्दा बढी खटिएका प्रहरी, सेनाका जवान छन् । एक त उनीहरुकै तलब भत्ता कम छ । तीनको समेत सरकारले ३ दिनको तलब काटेर राहत कोषमा हाल्यो । तर यही सरकारले महिनाको लाखभन्दा बढी तलब तथा सेवा सुविधा बुझ्ने मन्त्री, सांसदका सुविधा किन कट्टा गरेको छैन । अहिले साना उद्यम व्यवसाय गर्ने, चिया कफी पसल चलाएर जीवन धान्ने, पत्रकारिताको माध्यमबाट अहोरात्र जनतालाई जागरुक गराउनेहरु, पर्यटन तथा अन्य क्षेत्रमा मजदुरी गर्नेहरूको रोजगारी गुमेको छ । धेरै उद्यमी ऋणमा डुब्ने भएका छन् । यस्तो घडीमा सरकारले सकेसम्म सबै नागरिकलाई न्यूनतम राहत दिने कार्यक्रम ल्याउन आवश्यक छ ।

# इमर्जेन्सीकी नर्सको मनोदशा

**सुरेन उप्रेती**

राति ३ बजेको अलार्म सेट गरेर सुतेकी थिएँ । तर पौने ३ बजे नै निन्द्राले छोड्यो । मनमा अनेक कुरा आएर सपना पनि त्रासदी पूर्ण हुन्छ । कहिले ठूलो अजिङ्गरले निल्न लागेको देख्छु त कहिले बाढीले सबै सहर नै डुबाउन लागेको हुन्छ । म आत्तिँदै उठ्छु । म अरू बेला पनि अलि बढी नै संवेदनशील छु । सानातिना घटनाले पनि मलाई सारै विचलित गराउँछ । निन्द्रा नै बिथोलिन्छ । २०१६ मा क्यानडाको फोर्ट म्याक्मेरीमा भएको डढेलोले हप्तौँसम्म सुत्न सकिनँ । त्यस्तै २०१९ को अस्ट्रेलियामा विनाशकारी डढेलो लाग्यो । लाखौँ जङ्गली जनवार मरे । ती जङ्गली जनवारहरुको कारुणिक मृत्यु देख्दा कैयौँ रात अनिन्द्रामै बिते । त्यही भएर पनि मेरो श्रीमानले मलाई धेरै समाचार नहेर्नलाई भन्नु हुन्छ । तर आफ्नो मन माने पो ! संसारमा के हुँदै जान्न नशा नै सकेको छ । कति गर्दा पनि यो मन मान्दैन । मनलाई नियन्त्रण गर्नै सक्दिनँ । अहिले फेरि कोरोना भाइरस कोभिड-१९ ले सन्सारलाई सताएको छ । योभन्दा पहिले संसारै एकै पटक पीडित भएको सुनेको पनि थिएन । ऐले त आफैँ यस्तो भयावह स्थितिको सामना गर्नुपरेको छ । आँखा चिम्लिनासाथ आफ्नै अगाडि ती मृतकका लासहरु सेतो प्लास्टिक जस्ता वस्तुले बेरिएर आउँन थाल्छन् । यस्तो अवस्थामा म कसरी निदाउन सक्छु र ! निदाउँन हरेक प्रयासहरु गर्दछु । तातो दूध पिएर सुत्छु ।

एकदेखि सय र सयबाट घटाउँदै पटकौ एकसम्म ल्याउँछु । जाइदानाको धुलो तातो दूधमा घोलेर पिउँछु । सहकर्मी डाक्टरको सल्लाह र सहयोगमा निन्द्रा लगाउने औषधि पनि सेवन गरेँ ।

मलाई थाहा छ । मैले धेरै औषधि पनि खानु हुँदैन । पेटमा भएको बच्चालाई असर गर्छ । अनिन्द्राले आँखाका वरिपरि कालो दाग बसिसकेको छ । आँखा राता भएका छन् । प्रायः टाउको दुखिरहन्छ । मलाई थाहा छ, यो सबै अनिन्दाकै कारणबाट भएको हो । म सुत्ने छुट्टै कोठा छ । मेरो अढाइ वर्षको छोरा मेरो काखमा आएर बस्न नपाएको दसौँ दिन भइसक्यो । ढोकामा आएर बालसुलभ बोलीमा के के भन्छ र कोठाभित्र आउन खोज्छ । रुन्छ कराउँछ । मामा मामा भन्छ । मेरो मातृहृदय पुत्र वात्सल्यमा द्रविभूत हुन्छ । मेरा आँखाबाट पीडाहरु गालामा ओर्लन्छन् । म छोराले नदेख्ने गरी आँशु पुस्छु ।

मेरा खाना खाने थाल र बटुकाहरु पनि अलग्गै छन् । अस्पताल जाँदा आउँदाका जुत्ता र लुगालाई घर बाहिरै राखेर अलग्गै धुन्छु । श्रीमानले खाना र खाजा बनाएर अलग्गैबाट मेरा थालमा झारिदिनु हुन्छ । म किचेनमा प्रवेश नगरेको पनि दसौँ दिन नै भइसक्यो । लन्चबक्स श्रीमानले नै तयार गरेर ढोका नजिक राखिदिनु हुन्छ । म गह्रौँगो मन लिएर उठ्छु । नुहाइधुहाई गर्छु । अनुहारमा देखिने अनिद्राका सूचक छोप्न हल्का मेकप गर्छु । ओठमा हल्का लिपस्टिक दल्छु र हाँसे जसरी ओठ तन्काउँछु र ऐनामा हेर्छु । मलाई सिँगारमा कति पनि शोख छैन । पहिला पहिला त झन केही पनि लगाउँदिन थिएँ । साथीहरुले भन्दाभन्दा बल्ल यतिसम्म गर्न थालेकी छु । मेरा आँखा भित्ताको घडीमा पुग्छन् । समय कति चाँडै बग्छ । झण्डै छ नै बज्न लागेको रहेछ । म हतार हतार कोठाको कुनामा भएको सानो फ्रिजबाट दूध निकाल्छु । फ्रिजमाथि राखेको सिरेललाई बटुकामा हाल्छु । त्यसमा दूध राखेर बिहानको खाजा खान्छु । कहिलेकाहीँ यही बिहानको खाजाका भरमा बाह्र घण्टाको काम सकिन्छ । काममा धेरै व्यस्त भयो भने भोकतीर्खा भन्ने पनि बिर्सिन्छ । पिसाब गर्न जान्छु भन्दाभन्दै घण्टौँ बित्छ । त्यही भएर त धेरै नर्सलाई युरिनरी इन्कन्टिनेन्स चाँडै हुन सुरु हुन्छ रे । नर्सहरुलाई पर्याप्त पानी नपिएर डिहाइड्रेसन हुन्छ । कहिले काम गर्दा गर्दै ब्रेक लिने समय नै पाँइदैन । पोहोर आफैँलाई सेलिन चढाउनु परेको सम्झन्छु । आङ नै जिरिङ्ग हुन्छ । श्रीमानले ढोकाको छेउमा राखिदिएको लन्च बक्स र पानीको बोतल बोकेर काममा निस्कन्छु । आज फेरि बारघण्टाको डेसिफ्ट छ । सिफ्ट सुरु हुने समय ७ बजे भए पनि सधैँ आधा घण्टा छिटो पुग्नुपर्छ । नत्र त्यहाँको रिपोर्ट लिनलाई नै ढिला हुन्छ । आफू ढिला पुग्दा राति बाह्र घण्टा काम गर्नेहरुलाई पनि अन्याय हुन्छ । फेरि मेरो अलि चाँडै पुग्ने बानी छ । ढिला पुगेर हतार हतार गर्दा कति रिपोर्टहरुमा राम्रो ध्यान पुग्न सक्दैन । केही रिपोर्ट मिस भयो भने बिरामीको जीवन तलमाथि हुने सम्भावना पनि बढ्न सक्छ । त्यस्तो भयो भने म आफैँलाई माफी दिन सक्दिनँ ।

फेरि यो अवस्था भनेको अरूबेला जस्तो सामान्य अवस्था छैन । संसारभर कोरोनाको महामारी फैलिएको छ । यस्तो बेलामा हामीलाई पनि अस्पताल प्रवेश गर्दा सबै चेक गरेर मात्र प्रवेश गर्नु पर्दछ । रुघा खोकी लागेको छ कि छैन । जिउ दुख्नेको, सास फेर्न गाह्रो भएको, छ कि छैन । बाहिर कुनै देशमा तत्काल गएर आएको छ छैन । बाहिरबाट आउनेसँग सम्पर्क भएको छ छैन । यी सबैमा नेगेटिभ उत्तर भएपछि मात्र तापक्रम नापेर ज्वरो नआएको देखिएमा अस्पतालमा प्रवेश गर्न पाइन्छ । इमर्जेन्सी वार्डमा हामी सधैँ व्यस्त हुन्छौँ । तपाईं क्यानडाको कुनै अस्पतालको ईआर पुग्नुभएको छ भने देख्नुभएको हुनुपर्छ । कम्तीमा पनि चारदेखि छ घण्टासम्म बिरामीले पर्खने समय भनेर ठूला अक्षरमा लेखिएको हुन्छ । पेट दुख्ने, टाउको दुख्ने, ज्वरो आउने, रुघाखोकी लाग्ने, ढाड दुख्नेहरू त चार पाँच घण्टा कुर्दाकुर्दै निको भएर घर फर्कने गर्दछन् । तर हृदयघात हुने गहिरो चोटपटक लागेर रक्तस्राव भएका, सास फेर्न गाह्रो भएका बिरामीलाई भने प्राथमिकतामा राखेर इमर्जेन्सीमा आउना साथ तुरुन्तै उपचार गरिन्छ । प्रायः त्यस्ता बिरामी एम्बुलेन्सबाट आएका हुन्छन् । कहिलेकाँही इमर्जेन्सीको प्रतीक्षा कोठामा सयौँको सङ्ख्यामा बिरामी पर्खिरहेका हुन्छन् । चाहेर पनि सबैलाई समयमै उपचार गर्न सकिँदैन । स्रोत साधन र जनशक्तिको अभावकै कारण यस्तो भएको हो । कतिपय बिरामीहरुलाई त प्रतीक्षाकोठामा बस्दाबस्दै अन्य नयाँ रोगहरुले सङ्क्रमण गरी सक्छ । त्यसैले सामान्य बिरामी हुँदा अस्पताल नजानु भन्छन् । खास गरेर बच्चालाई यस्तो धेरै हुने गर्दछ ।

यो कोरोना कोभिड-१९ ले गर्दा हामी स्वास्थकर्मीहरु पर्सनल प्रोटेक्टिभ इक्विपमेन्टल (पीपीई) बाट सुसज्जित भएर प्रवेश गर्नुपर्दछ । हिजोआज पर्याप्त मात्रमा पीपीई नभएर एउटै मास्कले दिनभरी पुयाउनु पर्दछ । अस्पताल आएका बिरामी कसलाई के रोगलागेर आएको छ भन्ने थाहा नै हुँदैन । पीपीई भएन भने त थाहा पाउँदासम्ममा ढिला भइसकेको हुनेछ । दिनभरि लगातार मास्क लगाउँदा मास्कका वरिपरिको कडा वस्तुले नाकमुख वरिपरि गहिरो डाम बनाइदिन्छ । कहिले आफैँले फेर्ने तातो सासको ओहरदोहरले रिँगटा समेत लाग्छ । चस्मा लगाउनेहरुलाई मास्कबाट लिक भएको तातो बाफले आँखै नदेख्ने बनाउँछ ।

बाहिरबाट आउने बिरामी सँगको पहिलो भेट हामीसँगै हुन्छ । बिरामीहरुको सामान्य लक्षण, स्वास्थ्यको वर्तमान र विगतको अवस्था जानकारी लिन्छौँ । बिरामीको ब्लडप्रेसर मुटुको धड्कन श्वास प्रश्वास अक्सिजनको मात्रा तापक्रम तौल र उचाइको परीक्षण गर्दछौँ । कति बिरामीलाई आउँदा आउँदै अक्सिजन दिनुपर्दछ । अलिकति ढिला भयो मने बिरामीको अवस्था झन् नाजुक बन्दछ । कहिले बिरामी ठूलो चोट लागेर रक्तश्राव भइरहेको हुन्छ । कम्प्रेसन दिएर रगत बग्न रोकेन भने बिरामी मर्ने डर हुन्छ । यी सबै सकेपछि मात्र हो, कुन बिरामीलाई कुन डक्टरसँग पठाउने भन्ने कुरा । यसरी बिरामीसँग एउटा बन्द कोठामा नजिकबाट जानकारी लिँदा एउटै कोठाको हावामा बिरामी र नर्सले सास फेर्नु पर्दछ । यसरी थाहा नै नपाई रोग सर्ने सम्भावना हुन्छ । सयभन्दा बढी डक्टर र नर्सहरुले कोरोना भाइरसबाट सङ्क्रमित भएर ज्यान गुमाइसकेका छन् । त्यसमा आधाभन्दा बढी त इटालीमा नै छन् । चाइना लगायत अमेरिका, यूके, फ्रान्स, स्पेन, इन्डोनेसिया र इरान जस्ता देशमा बिरामीको जीवन बचाउने क्रममा सङ्क्रमित भएर जीवन आहुति दिए । भर्खरै भर्जिनियामा एक जना नर्सको दुखद् निधन भयो । इटलीमा एक जना नर्सले आफू सङ्क्रमित भएको थाहा पाएपछि अरूलाई बिराम सर्छ भनेर आफूलाई नै अन्त्य गरिन् । त्यो समाचार सम्झँदा पनि मुटु थर्रर काम्छ । हात खुट्टा लुला हुन्छन् । सास फेर्न गाह्रो भएको महसुस हुन्छ । ती नर्सहरुका परिवारको बारेमा सोच्छु । झन् त्रास हुन्छ । आफ्नो पेटमा हुर्कँदै गरेको बच्चालाई सम्झिन्छु । मैले उसका लागि भए पनि रोगबाट बच्नु पर्दछ । तर यो भयावह स्थितिमा आफूलाई र पेटको बच्चालाई कसरी बचाउँने भन्ने त्रास छ । म कम्प्युटरमा बिरामीको चार्टिङ गर्दै हुन्छु । मलाई चार्टिङ गर्दा गर्दै टाउको दुखे जस्तो हुन्छ । चारैतिर तिर्मिर हुँदै कालो देख्न थाल्छु । रिँगटा लागेर कोठा नै घुमेको देख्छु । म बसेकै ठाउँमा घप्टो परेँछु । निधारले कम्प्युटरको किबोर्डलाई थिचेछ । धन्न साथीले दखिछन् । फ्रिजबाट चिसो पानी ल्याएर मुखमा र निधारमा राखी दिइन रे । ब्लड प्रेसर चेक गर्दा निकै हाई भएछ । मुटुको धड्कन पनि बढेर १४५ पुगेछ । तापक्रम पनि ३९ डिग्री पुगेछ । मेरो निधारमा चिसी पानी पट्टी राखिदिएको रहेछ । करिब आधा घण्टापछि मात्र मैले थाहा पाएँ । मलाई त स्टाफ रुममा लगेर राखेको रहेछ । बिस्तारै उठेर हेरैं । सँगै काम गर्ने लोरीले आर यू ओके भनेर सोधिन । मैले म कसरी यहाँ आएँ भनेर जिज्ञासा राखेँ । खै यो कोभिड-१९ कहिलेसम्म रहने हो । हामी फ्रन्टलाइनरहरुले आफू आफन्त र बिरामीलाई कसरी बचाउन सक्छौँ । यो त आजको एक दिने सिफ्ट मात्र सकिन लाग्यो । यो हप्तामा अझै लगातार तीन दिन बाँकी छ । अप्रिलको पहिलो हप्ता मात्र सुरु भएको छ । थाहा छैन यसरी कति दिन जीवन मर्दै र बौरँदै गर्दै जाने हो ।

# फर्केर हेर्दा २०७६: समृद्धिको यात्रामा कोरोना सन्त्रास

**रमेश लम्साल**

विक्रम संवत् २०७६ को आज अन्तिम दिन। सोमबारदेखि क्यालेन्डरका पाना फेरिनेछन् र नेपालीले २०७७ सालको स्वागत गर्नेछन्। समय हो चलिरहन्छ तर समयले केही त्यस्ता परिवर्तन र दीर्घकालसम्मका लागि महत्व राख्ने पदचाप पनि छाडेर जान्छन् । फर्केर हेर्दा, २०७६ नेपालीका लागि एउटा आशा र भरोसाको वर्षका रुपमा व्यतीत भएको छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सरकारले ल्याएको नीति तथा कार्यक्रम र चालू आर्थिक वर्षको बजेटले एक प्रकारको सकारात्मक सन्देश दिएको थियो। हरेक दिन झण्डै ११ किलोमिटरको दरले सडक कालोपत्र भएको र ठूला आयोजनासमेत अगाडि बढेका थिए। जुन समृद्धिको मार्गका लागि एउटा ठूलो आयामका रुपमा स्थापित हुँदै थियो। माथिल्लो तामाकोशी र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल यसै वर्ष सकिँदै थिए ।

दिगो आर्थिक विकासको लक्ष्यका साथ अगाडि बढिरहेको बेला कोरोना सन्त्रास नेपालका लागि महँगो साबित भएको छ। विशेषगरी अर्थराजनीतिक क्षेत्रमा वर्षले ठूलो सम्भावना देखाइरहेको बेला चीनको वुहानबाट शुरु भएको कोरोना महामारीका कारण वर्षको अन्त्यमा आइपुग्दा सबैभन्दा बढी प्रभावित भएको छ। कोरोनाको सङ्क्रमण फैलन नदिन सरकारले यही चैत ११ गतेदेखि लकडाउन गरेको छ ।

लकडाउनका कारण मानिसको दैनिक जीवनदेखि मुलुकको समग्र अर्थतन्त्रमा समेत प्रभावित भएको छ। यसको असर दीर्घकालसम्म पर्ने अनुमानहरु सार्वजनिक भएका छन्। आज मात्रै विश्व बैंकले सार्वजनिक गरेको 'साउथ एशिया इकोनोमी फोकस'मा चालू आर्थिक वर्षमा बढीमा २.८ प्रतिशत तथा कममा १.५ प्रतिशतमात्र आर्थिक वृद्धिदर हुने प्रक्षेपण गरेको छ।

सरकारले चालू आर्थिक वर्षमा साढे आठ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य लिएको थियो। कोरोना भाइरसको कारण लकडाउनको अवधि बढेमा अर्थतन्त्रको स्थिति अझै खराब हुने सङ्केत छाडेर २०७६ बिदाइ हुन लागेको छ। सामान्य अवस्थामा भने साढे ६ प्रतिशत आर्थिक वृद्धिदर हासिल हुने अनुमान विश्व बैंकको भए पनि कोरोनाका कारण समस्यामा फसेको छ।

यी विषम अवस्था आउनुभन्दा अगाडि देशको अर्थतन्त्रमा भने सकारात्मक परिवर्तन देखापरेका थिए। पछिल्ला तीन वर्षदेखि लगातार ६ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि गर्ने र द्रुततर रुपमा आर्थिक विकासको दिशामा अगाडि बढ्ने देशको सूचीमा नेपाल परेको थियो।

यस्तै विश्व बैंकको 'डुइङ विजनेश रिपोर्ट'मा समेत नेपाल लगानीयोग्य देशका रुपमा ९४औं स्थानमा पुगेको थियो। सरकारले ल्याएको लगानीमैत्री नीति तथा योजनाका कारण क्रमशः लगानीको वातावरण बनेको थियो। नेपाल लगानीयोग्य देशका रुपमा रहेको सन्देश विश्व जगत्मा पुगेको थियो। विशेषगरी कृषि, उत्पादन, ऊर्जा तथा औद्योगिक लगानीका लागि लगानीकर्ताले नेपाल सुरक्षित रहेको भन्दै लगानीका लागि अभिप्रेरित भएका थिए। विसं २०७५ चैतमा सरकारले सम्पन्न गरेको विश्व लगानी सम्मेलनमा भएका प्रतिबद्धताअनुसार नै लगानीकर्ता लालायित भएका थिए। सोही कारण विशेषगरी पर्यटन प्रवर्द्धन गर्ने होटलमा नेपालका औद्योगिक घराना आकर्षित भएका थिए।

**नेपाल भ्रमण वर्षको घोषणा र स्थगन**

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको घोषणा गरेर २० लाख पर्यटक भित्र्याउने योजना अगाडि सारेको थियो। बहुचर्चित र महत्वाकाङ्क्षी योजनाका रुपमा नेपाल भ्रमण वर्षको कार्यक्रम शुरु गरिएको भए पनि कोरोनाले त्यसलाई समाप्तै पारिदिएको छ। विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसका कारण शुरुमा अप्रिलसम्म स्थगित गरिएको भ्रमण वर्ष वैशाखदेखि पूर्णरुपमा स्थगित गरिएको छ। भ्रमण वर्ष २०२० स्थगितसँगै यसको प्रचारप्रसार र अन्य व्यवस्थापनका लागि स्थापना गरिएको सचिवालयसमेत विघटन हुने भएको छ।

विशेषगरी चौधरी समूह गोल्छा अर्गनाइजेशनजस्ता प्रतिष्ठित व्यापारिक घराना वर्षभर नै होटल व्यवसायलाई थप परिस्कृत र सेवामैत्री बनाउन लागिपरेका थिए। हिल्टन, मेरियट, सेराटनजस्ता अन्तरराष्ट्रिय सञ्जाल रहेका ठूला कम्पनीले पनि नेपालमा लगानी बढाएका थिए। होटल एसोसिएशन अफ नेपाल (हान) को तथ्याङ्कअनुसार मुलुकभर १० हजारभन्दा बढी होटलमा रु १० खर्बको हाराहारीमा लगानी भएको छ। सुविधासम्पन्न तारे होटल धमाधम निर्माण भइरहेका छन्। पछिल्लो चेन होटल मेरियटसहित हाल १४ पाँचतारे होटल सञ्चालनमा आइसकेका छन्। अन्य पर्यटकस्तरीय होटल पनि बनिरहेका थिए।

कूल २५ लाख पाहुनालाई बस्न, खान, मनोरञ्जन तथा सभा सम्मेलनलगायत सेवा प्रदान गर्न सक्षम रहेको हानको भनाइ थियो। एक अध्ययनअनुसार नेपाली होटल उद्योगमा हालको बजार मूल्यका आधारमा हिसाब गर्दा रु १० खर्बभन्दा बढीको लगानी तथा १० लाखभन्दा बढीले प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी पाएका थिए। ती रोजगारी र लगानीसमेत कोरोनाले समस्यामा पारिदिएको छ। हानका अनुसार सन् २०२० सम्म तारे होटलमा अरू चार हजार श्यया थपिँदैथ्यो।

कोरोनाबाट जोगिनका लागि लकडाउन गर्दा आर्थिक हिसाबले देश धेरै पछि धकेलिएको छ। सरकारले यस वर्ष नीतिगत रुपमा धेरै सफलता हासिल गरेको थियो । जुन दिगो अर्थतन्त्रको विकासका लागि एउटा कोशेढुङ्गाका रुपमा अगाडि बढ्ने क्रममा नै थियो। आर्थिक वृद्धिको लक्ष्यसहित चालू आर्थिक वर्षमा पाँच लाख रोजगारी सिर्जना गर्ने लक्ष्यअनुसार नै काम भइरहेको थियो।

**वित्तीय संघीयता कार्यान्वयन**

यसै वर्ष सरकारले सबै स्थानीय तहमा सब-नेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेसन (सूत्र) सफ्टवेयर लागू गरेर स्थानीय तहलाई जोड्ने काम ग(यो। जुन आर्थिक संघीयता कार्यान्वयन गर्नका लागि महत्वपूर्ण कदमका रुपमा चित्रण गरिएको छ। यस वर्ष सरकारले वित्तीय सङ्घीयता कार्यान्वयनका लागि गरेको नीतिगत एवम् प्रक्रियागत व्यवस्था, कर्मचारीको सरुवाले पनि महत्वपूर्ण योगदान दियो। अर्थमन्त्री डा युवराज खतिवडाका अनुसार वित्तीय सङ्घीयता कार्यान्वयनको महत्वपूर्ण वर्षका रुपमा स्थापित भएको छ।

यसैगरी सरकारले यसै वर्ष १५औं योजना कार्यान्वयनमा ल्यायो। आव २०८/र८१ सम्ममा आर्थिक वृद्धि १०.३ प्रतिशत र प्रतिव्यक्ति आय एक हजार ५९५ अमेरिकी डलर पु(याउने लक्ष्य राखियो। गरिबीको रेखामुनि रहेका जनसङ्ख्यालाई ११ प्रतिशतमा झार्ने लक्ष्यसमेत सो योजनामा राखिएको छ। यस्तै गेमचेञ्जर आयोजनाका रुपमा समेत केही रणनीतिक महत्वका आयोजना छनोट गरेर सरकारले काम शुरु गरिसकेको छ।

राष्ट्रिय योजना आयोगका अनुसार आर्थिक वृद्धिका लागि झण्डै ९२ खर्ब २९ अर्ब २९ करोड लगानी गर्ने लक्ष्य तय गरियो। त्यसमा सार्वजनिक क्षेत्रले रु ३५ खर्ब ९८ अर्ब ३२ करोड, निजी क्षेत्रले रु ५१ खर्ब ३४ अर्ब नौ करोड र सहकारी क्षेत्रबाट रु चार खर्ब ९६ अर्ब ८७ करोड लगानी गर्ने खाका तय गरियो।

**तीन देशसाग हवाई सम्झौता**

यसै वर्ष नेपालले अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स ९युएई० र भियतनामसँग हवाई सेवा सम्झौता गऱ्यो। गत असोज दोस्रो साता अस्ट्रेलिया र युएईसँग सम्झौता भयो भने प्रधानमन्त्री केपी शर्मा ओलीको भियतनाम र कम्बोडियाको भ्रमणका क्रममा भियतनामसँग हवाई सम्झौता भयो।

यस्तै नेपाल र चीनबीच हवाई सम्झौता पुनरावलोकन भयो र नेपाली जहाज चीनका विभिन्न गन्तव्यमा उडान भर्न पाउने भए। निजी क्षेत्रको हिमालयन एयरलाइन्ससमेत चीनमा उडानका भर्न सम्झौताले मार्ग प्रशस्त ग(यो। नेपाल वायु सेवा निगमले खरीद गरेर ल्याएका दईवटा वाइड बडी जहाजले जापानमा उडान शुरु ग(यो। अस्ट्रेलियासँग सम्झौतापछि नेपालका तोकिएका एयरलाइन्सले सिड्नी, मेलबर्न, ब्रिसबेन र पर्थमा गरी सातामा सात उडान गर्न पाउने र अस्ट्रेलियाका हवाई जहाजले काठमाडौँमा सात उडान गर्न पाउने सम्झौतामा समावेश गरिएको थियो।

यसै वर्ष संयुक्त अरब इमिरेट्स (युएई) र मौरिससँग सरकारीस्तरमा श्रम सम्झौता भयो। श्रम तथा रोजगारको क्षेत्रका तत्कालीन श्रममन्त्री गोकर्ण विष्टले गरेको सार्थक प्रयासको वर्षभरि नै चर्चाको केन्द्रमा रह्यो। लामो समयदेखि रोकिएको मलेसिया रोजगारी पनि खुल्यो। नेपाल र मलेशियाबीच गत भदौ २४ र २५ गते मलेशियामा सम्झौता भयो। सो सम्झौताले मलेशियामा काम गर्न जाँदा कुनै पनि शुल्क नलाग्ने व्यवस्था भयो।

बिग मर्जरको शुरुआत

यस्तै सरकारको योजनाअनुसार नै यस वर्ष 'बिग मर्जर' को अभियान शुरु भयो। ग्लोबल आईएमई बैंक र जनता बैंक नेपाल एकापसमा गाभिएर ग्लोबल आइएमई बैंकका रुपमा एकीकृत कारोवार शुरु गऱ्यो। गत मङ्सिर २० गतेदेखि एकीकृत कारोवार शुरु गरी बिग मर्जरको नाम लेखाउन उनीहरु सफल भए। मर्जरपछि सो बैंकको कूल चुक्ता पूँजी रु १९ अर्ब पुग्यो।

यस्तै गत माघसम्म १८५ बैंक तथा वित्तीय संस्था गाभ्नेरगाभिने प्रक्रियामा सहभागी भई १४० वित्तीय संस्थाको इजाजत खारेज भयो। यस्तै एनएमबी बैंक, प्राइम बैंकले पनि मर्जर र प्राप्तिको प्रक्रिया अगाडि बढाए। निजी क्षेत्रमा मात्रै नभई सरकारको योजनामा नै नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेड एकअर्कामा गाभिएर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका रुपमा कारोवार शुरु भयो।

नेपाल राष्ट्र बैंकको नीतिअनुसार नै बैंक तथा वित्तीय संस्था गाभिने प्रक्रियामा नै रहेका छन्। यस्तै यसै वर्ष कर्जा अपचलन गरेको अभियोगका बैंक अफ काठमाडौँका तत्कालीन प्रमुख कार्यकारी अधिकृत अजय श्रेष्ठ पक्राउ परे। खोलाको जग्गालाई राजमार्ग छेउको भनी एक व्यावसायिक फर्मलाई रु चार करोड ऋण दिएको अभियोग श्रेष्ठमाथि लागेको थियो। यस्तै विद्युतीय बस खरीद गर्ने गरी सरकारले साझा यातायात सहकारी संस्थालाई रु तीन अर्ब बजेट दिए पनि काम नगरे पनि फिर्ता लिइयो।

**एमसिसीमा विवाद**

यसै वर्ष अमेरिकन सहयोग कार्यक्रम (एमसीसी) विवादमा मात्रै नभई द्विविधामा पऱ्यो। ऊर्जा र सडक जस्ता भौतिक पूर्वाधारमा लगानी गर्न अमेरिकाले उपलब्ध गराएको रु ५१ अर्ब र नेपाल सरकारको रु १३ अर्बसहित रु ६४ अर्बको सो परियोजना राजनीतिक रुपमा विवादमा प(यो। सत्तारूढ नेपाल कम्युनिस्ट पार्टीले एक कार्यदल बनाएर एमसिसीको विषयमा अध्ययनसमेत ग( यो। अध्ययन समितिको प्रतिवेदन प्रधामनन्त्री केपी शर्मा ओली र कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई बुझाइसकिएको छ। सो परियोजनाअन्तर्गत आगामी पाँच वर्षमा झण्डै २१० किलोमिटर लामो प्रसारण लाइन र १०० किलोमिटर सडक मर्मत गर्ने लक्ष्य राखिएको छ।

उता यसै वर्ष नेपाल राष्ट्र बैंकका गभर्नर डा चिरञ्जीवी नेपालले पाँचवर्षे कार्यकाल पूरा गरेर अवकाश लिए। त्यस्तै नयाँ गभर्नरमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारी नियुक्त भए। सरकारले राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृतमा किरणकुमार श्रेष्ठको म्याद पुनः थप गऱ्यो।

उता नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठमाथि यो वर्ष कारवाही भयो। डेपुटी गभर्नर श्रेष्ठको अनुसन्धान र निलम्बन फुकुवासम्मको तीन महिना श्रेष्ठ चर्चाको शिखरमा नै रह्यो। राष्ट्र बैंक सञ्चालक समितिले सञ्चालक प्रा डा श्रीराम पौडेलको संयोजकत्वमा रामजी रेग्मी र डा सुबोधकुमार कर्ण गरी तीन सदस्यीय छानबिन समिति गठन गरी छानबिन ग(यो र गत पुस २८ गते निलम्बन फुकुवा गर्ने निर्णयसमेत भयो। यस्तै सरकारले विकास निर्माणको कामलाई अगाडि बढाउने लक्ष्यसहित सार्वजनिक खरीद नियमावली सम्बोधन ग(यो।

**रुग्ण जलविद्युत् आयोजना सकियो**

यसै वर्ष नेपाल विद्युत् प्राधिकरणले रुग्ण मानेका माथिल्लो त्रिशूली थ्री 'ए' ६० मेगावाट तथा कुलेखानी तेस्रो १४ मेगावाट जस्ता आयोजना सम्पन्न भए। निजी क्षेत्रले पनि यस वर्ष झण्डै १५० मेगावाट क्षमताका आयोजना सम्पन्न गरी राष्ट्रिय प्रसारण प्रणालीमा जोडेका छन्। कूल विद्युत्जडित क्षमता बढेर एक हजार ३०० मेगावाटको हाराहारीमा पुग्यो । यस्तै केही रणनीतिक महत्वका प्रसारण लाइनसमेत सम्पन्न भए।

यस्तै सरकारले यसै वर्ष तराई मधेशमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यसहित सुनकोशी-मरिण डाइभर्शन आयोजनाको कामसमेत शुरु गरेको छ। सो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा सूचीकृत गरेको छ। चालू आर्थिक वर्षको अन्त्यसम्म राष्ट्रिय प्रणालीमा कूल एक हजार मेगावाट विद्युत् थप हुने लक्ष्य राखिएको छ। कोरोनाका कारण सो लक्ष्य पूरा हुनेमा आशङ्का गर्ने ठाउँ भने रहेको छ। रासस

## कोरोनाले आक्रान्त शहरमा निरश जिवन बिताइरहेको छु

**लेखनाथ सुवेदी**

सुरुमा त स्वदेश तथा बिदेशमा बस्नुहुने सम्पुर्ण नेपाल दाजुभाइ, दिदि बहिनीहरुमा नयाँ बर्ष २०७७ सालको हार्दिक शुभकामना व्यक्त गर्दछु । कोभिड (१९ अर्थात कोरोना भाइरस बिश्व महामारीका रूपमा फैलिइ रहदा नेपालदेखि बाहिर रहने लाखौं श्रमजिबि युवाहरु पनि यसको चपेटामा परेका छ्न । कतिपयको काम गुमि केको अबस्था छ । कतिपय डरै(डरको स्थितिमा काम गर्न बाध्य छ्न । अहिले धेरैजसो प्रदेशिहरुका दुःखपिडा कहाली लाग्दा छन । प्रदेशमा कोरनाकै कारण ज्यान गुमाउने र संक्रमीत हुने नेपालिहरुको संख्या पनि दिन प्रतिदिन बढदै गएको अवस्था छ । कोरोना संक्रमणबाट सफल उपचार भएकाहरू पनि प्रसस्तै छ्न । म पनि प्रबासमा नै छु । घरदेश देखि सात समुन्द्र दूर कोरोना संक्रमिक सहरमा नै जिबन बित इ रहेको छु । प्रबासमा जतिसुकै सुरक्षित रुपले बसेको महसुस गरेता पनि यो अबस्थामा घर परिवार, आफन्त, साथिभाइहरुको याद आउनु, एक्लो महसुस हुनु, अत्यास लाग्नु, न्यास्रो अनुभुति पक्कै पनि सबैलाई हुन्छ । यस्तो अबस्थामा सबैजना आफ्ना नजिक रहेका साथीहरूको सम्पर्कमा रहिरनु होला। आत्मबल र सकारात्मक सोचाइको बिकास गर्नुहोला । हरेक समस्याबाट जुध्न मानसिक रूपमा तयार रहनुहोला । आत्मबल र आत्मविश्वास भन्ने चिज संसारको सबैभन्दा ठूलो औषधि हो भन्ने सन्देश पनि दिन चाहन्छु ।

तपाईहरु आफ्नो बिचार र भाबनाहरु स्वतन्त्रतापुर्बक ब्यक्त गर्न सक्नुहुन्छ । प्रदेशमा तपाई हाम्रा जीवन भोगाइ र बिचारहरु पक्कै पनि अलगअलग हुन्छ । समस्या पर्ने बितिकै नजीकको राजदुताबास, गैर आवासीय संगठन (ल्च्ल्ब) तथा सामाजिक सस्थाहरुमा सम्पर्क गर्नुहोला । प्रबासमा तपाई हामी अफ्ट्यारोमा पर्दा पहिलो मलमपट्टी यिनै सस्थाले लगाउन सक्नुपर्ने हुन्छ । यहाबाट नै यथासिघ्र साथ सहयोग पाउन सकिन्छ । सिधै सामाजिक मिडियामा भाबबिहिल हुँदा त्यसले समाजमा नकारात्मक असर पार्न पनि सक्छ ।

बिश्व समुदाय र परिवेशलाई नजिकैबाट नियालेर हेर्दा बिदेशीहरुले आफ्ना नागरिकहरुलाई खोजीखोजी स्वदेश लगेका प्रसस्तै उदाहरणहरु छन् । नेपालमा रहेका बिदेशी नागरिकहरुलाई पनि सम्बन्धित देशको सरकारले पेलेन चाटर गरेर स्वदेश फिर्ता गरिरहेको अबस्था छ । साठी लाख भन्दा बढी श्रमजीवी नेपाली युवाहरु प्रदेशमा बस्दै काम गर्दै छन् भनेर बताउने नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले पनि यो महामारिको समयमा आफ्ना नागरिकहरुको खोजीमा अल्लि बढी चासो दिनुपर्ने थियो ।

घरपरिवार र जन्म भुमिको माया के हो भनेर महाकालीमा पौडिएर तर्दै गरेका तस्बिर र सिमानामा बसेर भोकै हारगुहार गरिरहेका आवाजहरुले बताइ सकेका छ्न । यस्तो अबस्थामा आफ्ना नागरिकको खोजी नगर्नु अत्यन्तै दुस्खद विषय हो । हेरेक पटक राज्यलाई आपत्ती पर्दा बाढी पहिरो, महामारी, भुकम्प आउँदा प्रबाशिहरुले लगाएको गुनलाई सरकारले बिर्सनु हुदैन । आर्थिक संकट टार्नका लागि घरबाट टाढा भएका नेपालिहरु कसको पो रहर हुन्छ होला र ! कोरोनाको कोसेली लिएर घर फर्किन लाई रु बिदेशदेखि आफ्नै खर्चमा देश फर्किन छौ हामीलाई ? देश फर्किने बाताबरण मिलाइयोस भनेर भनिरहदा सरकार र श्रम मन्त्रालय किन केही बोल्दैन ? स्वदेश फिर्ता हुन चाहानेहरुको मेडिकल स्वास्थ परिक्षण गरेर नेपाल एअरलाइन्समै आफ्ना नागरिकहरु फिर्ता लान सकिदैन ? यस्तै बिपत्तिको अबस्थामा होइन र राज्यको समपती प्रयोग गरि आफ्ना नागरिकलाई सुरक्षा दिनुपर्ने ? जहाँ जस्तो अबस्थामा हुनुहुन्छ तेहि सुरक्षित रहनुहोला भनेर मात्रै के सरकारको आफ्ना नागरिकप्रतिको उतरदायित्व पुरा हुन्छ होला ?

बिश्व नै आतंकित हुनेगरि कुनै देश, सिमाना, भूगोलक नभनी महामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारण लाखौं श्रमजिबि युवाहरूको रोजीरोटी खोसिएको अबस्थामा, श्रेम तथा रोजगार मन्त्रालयले विभिन्न देशहरूमा आपतकालीन हेल्प डेस्कहरु र मोबाइल नेटवर्क तयार गरिदिएको भए धेरै साथ र सहयोगको महसुस हुने थियो । रेमिटेन्सको स्वाद मिठो मान्ने सरकारले प्रबासी जनताहरुलाई पैसा कमाउने औजारको रुपमा नलियोस । सरकार प्रबाशिहरुको सुख दुःखको असल सहयात्री पनि बनोस ।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बरः०१–४४३४११३

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# कोरोनाको महामारी र मितव्ययिता

प्रेमलकुमार खनाल

विनाशकारी भूकम्प र नाकाबन्दीले नेपालको अर्थतन्त्रमा झन्डै २० खर्ब मूल्य बराबरको क्षति पुऱ्याएर नेपाली अर्थतन्त्र तंग्रिन नपाउँदै विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमणले नेपालमा मानवीय क्षतिका साथै अर्थतन्त्रमा थप गम्भीर समस्या उत्पन्न गर्ने देखिएको छ। गत डिसेम्बरमा चीनको हुवानबाट सुरु भई विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमणका कारण ७ अप्रिलसम्म आइपुग्दा ६० हजारभन्दा बढी मानिसको मृत्यु भएको छ भने संक्रमणका कारण ४ लाखभन्दा बढी मानिस गम्भीर अवस्थामा उपचारमा रहेका छन्। संक्रमणको रफ्तार यही ढंगले बढ्ने हो भने अब १ महिनाभित्र मृत्यु हुनेको संख्या हजारौंको संख्यामा थप हुने अनुमान गरिएको छ। यस्तो विपद्का बेला संक्रमित बिरामीको उपचारका लागि निजी क्षेत्रमा खोलिएका नर्सिङ होम र अस्पताल लालायित नहुनु र सरकारी क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा गरिएको न्यून लगानीले नवउदारवादी पुँजीवादी अर्थनीतिको असफलता पुनः पुष्टि भएको छ।

कोरोनाको संक्रमणले मानवीय क्षति मात्र गरेको छैन। विश्व अर्थतन्त्रमा सन् २००८ र २००९ को भन्दा बढी मन्दी आउन सक्ने प्रक्षेपण गर्न थालिएको छ। खासगरी उत्पादनमा कमी, रोजगारीमा कमी, आपूर्ति शृंखलामा (सप्लाइ चेन सिस्टम)मा असर पर्ने बताइएको छ। सयुक्त राष्ट्र संघले करिब २ करोड २५ लाखले रोजगारी गुमाउन सक्ने अनुमान गरेको छ। यस्तै, वैदेशिक लगानीमा ४० प्रतिशतमा कटौती हुने अनुमान गरिएको छ। बजारमा उत्पादन र आपूर्तिमा सहजता नहुने बित्तिकै उपभोग्य वस्तुको मागमा हुने वृद्धिसँगै मुल्यवृद्धि गर्ने, वस्तु लुकाएर कालो बजारी गरी उपभोक्तालाई बढी मूल्य तिर्न बाध्य पार्ने स्थिति उत्पन्न भएको छ। कोरोना भाइरसको संक्रमणबाट धेरै मानिसको मृत्यु भएर महामारी फैलन थालेपछि मानिसको भिडलाई कम गर्ने र निश्चित सामाजिक दूरी कायम गर्न प्रायः विश्वका सबै देशमा बन्दाबन्दी (लकडाउन) गरेका कारण मानिसको आवतजावतमा कमी आएको छ।

साथै, श्रमिक कामदार पनि काम छोडेर एक ठाउँबाट आआफ्नो घरतिर लागेपछि यसले कृषिजन्य बालीलाई भित्र्याउने, प्रशोधित गर्ने र बजारमा पठाउने कार्यमा गत्यावरोध सिर्जना भएको छ, पाकेको अन्नबाली, तरकारी, फलफूल त्यसै कुहेर जाने स्थिति उत्पन्न भएको छ। यसरी, कोरोनाको संक्रमणले विश्व अर्थतन्त्रमा जुन भयावह मन्दीको अवस्था सिर्जना गरेको छ, यसले नेपालको अर्थतन्त्रमा पनि प्रभाव पार्न थालेको छ।

नेपालमा कोरोनाको संक्रमणबाट अहिलेसम्म मानवीय क्षति नभइहाले पनि संक्रमण फैलन थालेकाले आगामी एक/दुई सातामा महामारीको रूप लिन सक्ने विज्ञले बताएका छन्। किनकि, कोरोना मानिसबाट मानिसमा सर्ने महामारी रोग भएका कारण कोरोनाको संक्रमण फैलिएका भारतलगायत तेस्रो मुलुकबाट कम्तीमा ५ लाख नेपाली नेपाल फर्किएका र उनीरूलाई खोजी गरी सुरक्षित गर्ने कार्य ढिलाइ हुँदा तथा स्वास्थ्य परीक्षण र उपचारको कमजोर पूर्वाधार, दुर्गम र हिमाली भेगमा यातायात तथा आवतजावतमा कठिनाइ, सामाजिक चेतनाको कमी, खुला सीमाका कारण छिमेकी मुलुक भारतको नयाँ दिल्ली, मध्यप्रदेश, बिहार, उत्तरप्रदेश आदि क्षेत्रमा फैलिएको संक्रमणका कारण नेपालमा संक्रमण फैलिएर भयावह अवस्थामा सिर्जना हुन सक्ने स्थिति रहेको विज्ञहरू बताउँछन्।

नेपालमा कोरोनाको संक्रमणका कारण मानवीय क्षति नभए पनि अर्थतन्त्रमा भने प्रभाव पर्न थालेको छ। खासगरी युरोप तथा खाडी मुलुकमा फैलिएको संक्रमणले त्यहाँ काम गर्ने आप्रवासी श्रमिक प्रभावमा परेका छन्। यसको प्रभाव रेमिटेन्स आप्रवाहमा कमी आउने बित्तिक्कै यसले अर्थतन्त्रमा चक्रिय प्रभाव पार्नेछ। यस्तै, बन्दाबन्दीले यातायात, ढुवानी सुचारु नहुँदा रेमिटन्स आप्रवाहमा कमी आउनुका साथै आयातित कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय, निर्माण व्यवसाय, व्यापार व्यवसाय सुचारु रूपले सञ्चालन नहुने स्थिति उत्पन्न भएको छ। यसले गर्दा लाखौं ज्यालादारी श्रमिक र स्वरोजगार गरी जीवन निर्वाह गरिरहेका स्वरोजगार व्यवसायी झन् समस्यामा पर्ने छन्। कोरोना भाइरसको संक्रमण उतारचढाव भइरहने कुरा त बिगत तीन महिनादेखि चीनमा संक्रमणको उतारचढाब भएबाट पनि थाहा हुन्छ र संक्रमण पुरै नियन्त्रण भए पनि यसको चक्रीय प्रभाव नेपाललगायत विश्वभर ६ महिनादेखि एक/दुई वर्षसम्म पर्ने स्थिति देखिन्छ।

कोरोनाको संक्रमणले अर्थतन्त्रका सबै क्षेत्रमा प्रभाव पार्न थालेको छ। उत्पादन, रोजगारीमा कमी, पर्यटन क्षेत्र, वैदेशिक रोजगारी र वैदेशिक सहायता र लगानीमा हुने कमीबाट विदेशी मुद्रा सञ्चितीमा गिरावट आउनुका साथै अमेरिकन डलरको मूल्य वृद्धिले महँगो आयातित वस्तु, मूल्य वृद्धि र आपूर्तिमा आउने समस्याले अर्थतन्त्रको लागत उच्च हुने देखिएको छ।

कोभिड-१९ को प्रभाव विश्वको अर्थतन्त्रमा पर्न थालेपछि विकसित, विकासोन्मुख देशले वार्षिक बजेट र सार्वजनिक खर्चमा नै कटौती गर्न थालेका छन्। विश्व बजारमा पेट्रोलियम पदार्थको मागमा कमीसँगै मूल्य पनि घट्न थालेपछि कुवेत सरकारले त ऊर्जा क्षेत्रको सञ्चालन खर्चमा भारी कटौती गरेको घोषणा गरेको छ। यस्तै, साउदी अरबले कुल बजेटको ५ प्रतिशत खर्च कटौती गरेको छ। ओपेक राष्ट्रहरूले पनि सार्वजनिक खर्च कटौतीको योजना बनाउन थालेका छन्। यस्तै, नाइजेरियाको सरकारले १.५ ट्रिलियन अर्थात् ४.९० बिलियन डलर रकम वार्षिक बजेट कटौतीको घोषणा गरेको छ। युरोपियन देशले ब्याजदरमा कटौतीको घोषणा गरेका छन्। ओक्लोहामामा ३ सय मिलियन डलर पुँजीगत खर्च कटौती गर्ने घोषणा गरेको छ। भारतको तेलंगना र महाराष्ट्र प्रदेश सरकारले मन्त्रीले पाउने पारिश्रमिकमा भारी कटौतीको घोषणा गरेका छन्।

नेपालको आन्तरिक स्रोत राजस्व परिचालनको आधार कमजोर रहेका कारण बढ्दो साधारण खर्च धान्न नसकिरहेको स्थितिमा कोरोनाको संक्रमणका कारण अर्थतन्त्रमा झन् समस्या उत्पन्न हुने भएको छ। कोरोनाका कारण दाता राष्ट्रहरू नै आक्रान्त बन्न थालेपछि अब वैदेशिक सहायता, अनुदान र लगानी पनि अपेक्षा गरेअनुसार देशमा भित्रिने स्थिति देखिन्न। यसले गर्दा कोरोनाबाट संक्रमणबाट प्रभावित ज्यालादारी श्रमिक, न्यून आय भएका श्रमिक, स्वरोजगार गरी जीवन गुजारा चलाइरहेका स्वरोजगार, लामो समयदेखि बिरामी भई उपचार गरिरहेका बिरामीहरू, शारीरिक अपांग, साना उद्यमी, व्यवसायी, गरिब, बेरोजगार, साना किसान, वैदेशिक रोजगारीमा काम नपाई देशभित्र फर्किएका श्रमिकलाई राहत प्रदान गरी मानवोचित जीवनयापनका साथै उधोग व्यवसायमा परेको प्रभावमा सहयोग गर्न सरकारले ठूलो मात्रामा राहत प्याकेज र अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्न (स्टिमुलेट प्याकेज)को गृहकार्य गरी घोषणा गर्न जरुरी छ। यसका लागि सार्वजनिक खर्च कटौती, मितव्ययिता कायम गर्ने नीति, राहत कोषमा व्यापक सहयोग जुटाउने अभियान र अन्तर्राष्ट्रिय सहयोग जुटाउने अभियानलाई युद्धस्तरमा सञ्चालन गर्न जरुरी छ।

वर्तमान संकटपूर्ण स्थितिमा सरकारले प्रथमतः अनुत्पादक र सुविधामुखी प्रशासनिक र साधारण खर्चमा कटौती गर्ने घोषणा गर्नु पर्दछ। यसअन्तर्गत राजनीतिक क्षेत्रका लागि खर्च गर्ने गरिएको महँगो मूल्यका सवारी साधन खरिद, पेट्रोल सुविधा र मर्मत खर्चमा कटौती गर्न जरुरी छ। सवारीसाधन आवश्यक पर्दा विद्यमान कार्यालयका सवारीसाधनको मर्मतसम्भार गरेर उपयोग गर्न नीति अवलम्बन गर्नुपर्दछ। मुलुकमा राज्य सञ्चालन निर्वाचित राजनीतिक नेतृत्व र स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रबाट हुने मान्यता छ। तर, अहिले केन्द्र, प्रदेश हुँदै स्थानीय तहसम्मका मन्त्रीहरू, सांसद र मेयर र प्रमुखले पनि छुट्टाछुट्टै रूपमा राजनीतिक, आर्थिक, कानुनी र प्रेस सल्लाहकार, विज्ञ, स्वकीय सचिव सार्वजनिक खर्चमा राख्ने लहर नै चलेको छ। यसरी, नियुक्तले कतिपय सन्दर्भमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रभन्दा अगाडि बढेर भूमिका निर्वाह गरेको पाइन्छ, यसले हाम्रो शासकीय व्यवस्थाभित्र जवाफदेहिता र उतरदायित्वको सिस्टमलाई भत्काउने र अनावश्यक व्ययभार बढाउँदै लगेको पनि छ। कर्मचारीतन्त्रभित्र र सेवा निवृत्त पेन्सन होल्डरमा रहेको योग्यता, विज्ञता र अनुभवलाई भरपूर उपयोग गर्नेगरी कर्मचारीतन्त्रका व्यक्तिलाई नै रूपान्तरण गरेर विश्वासमा लिएर राजनीतिक नेतृत्वले विज्ञ, सल्लाहकार वा सहयोगीका रूपमा नियुक्ति गरेर काम गराउन सके काममा पनि प्रभावकारिता आउने र खर्चमा कटौती हुने विश्वास लिन सकिन्छ।

यस्तै, सांसदलाई दिइने निर्वाचन पूर्वाधार विकास कार्यक्रमलाई अब कोरोनाबाट प्रभावित जनसमुदायलाई सीप विकास तालिम, उद्यम व्यवसाय सञ्चालन गर्न चाहिने पुँजी र उत्पादित वस्तुको बजारीकरणको सुनिश्चितता गर्नेगरी खर्च गर्ने हो भने हरेक निर्वाचन क्षेत्रस्तरमा उत्पादन र रोजगारी अभिवृद्धि गर्ने आधार बन्ने थियो। आगामी आर्थिक वर्षदेखि यस्तो कार्यक्रमको बजेट सोझै गाउपालिका, नगरपालिकामा दिने व्यवस्था गरी जनप्रतिनिधिलाई नीति, नियम र कानुन बनाउने कार्यमा निपुण बनाउने नीति अवलम्बन गर्नुपर्दछ। सार्वजनिक कार्यालयमा राजनीतिक व्यक्ति र उच्च अधिकृतका लागि महँगामहँगा गाडी, मोबाइल, सुटकेस, ल्यापटप, दौरसुरुवाल खरिद गर्ने, कार्यालयमा व्यक्तिपिच्छे मोटरसाइकल सुविधा प्रदान गर्ने, पटकपटक मर्मत खर्च दिनेजस्ता कुरालाई नियन्त्रण गरी सहरोन्मुख क्षेत्रका सरकारी कार्यालयका सबै कर्मचारीका लागि आवश्यकताअनुसार ठूलासाना बसको व्यवस्था गरी कर्मचारीको कार्यालय आउनेजाने व्यवस्था हुँदा महँगो सवारी साधन खरिद गरेर सार्वजनिक खर्चमा जुन वृद्धि भएको छ, यसलाई नियन्त्रण गर्न सकिन्छ।

यस्तै, विभिन्न संवैधानिक आयोग, संस्थानका सञ्चालक समिति र अन्य निकायमा हुने राजनीतिक नियुक्ति र उनीहरूलाई प्रदान गरिने सुविधाले पनि सार्वजनिक खर्चमा वृद्धि भएको छ। अतः हाललाई यी निकायमा न्यूनतम संख्यामा (उदाहरणका लागि तीन जनासम्म) मात्रै नियुक्ति गर्ने व्यवस्था भए खर्चमा भारी मात्रामा कटौती हुने देखिन्छ। यस्तै, सार्वजनिक कार्यालयमा प्रयोग हुने फर्निचर, दराज, स्टेसनरी आदि आयातित वस्तु होइन, स्वदेशी वस्तु उत्पादन गर्न प्रोत्साहित गरी प्रयोग गर्ने नीतिबाट मितव्ययिता कायम गर्नुपर्दछ।

कोरोनाको प्रभावले उत्पादन र रोजगारीमा प्रभाव पारेको हुँदा अब तत्काल नयाँ विकासका आयोजनाभन्दा पनि उत्पादन बढाउने, दिगो र फलदायी रोजगारी सिर्जना हुने, उत्पादित वस्तुको बजारको सुनिश्चितता हुने क्षेत्रमा व्यापक लगानी गर्नेगरी स्रोतसाधनलाई उत्पादनमुखी, रोजगारमुखी, आत्मनिर्भर हुने, आयात प्रतिस्थापन गर्ने र निर्यात अभिवृद्धि गर्ने र मितव्ययिता कायम गर्नेगरी सार्वजनिक क्षेत्रको खर्च व्यवस्थापन र लगानी गर्ने नीति अबलम्बन गर्नुपर्दछ। यस्तै, वर्तमान कोरोना संक्रमणको अवधिमा घरमै वस्तु उत्पादनमा प्रोत्साहन गर्नुका साथै श्रम कम प्रयोग हुने तथा प्रविधि र मेसिन प्रयोग गरेर उत्पादन गर्ने नीति लिन सक्दा मात्र सम्भावित संकटबाट मुक्त हुन सकिन्छ। यसका लागि कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गरेर खेतीयोग्य सबै आवादी र बाँझो खेतबारीमा खाद्यवस्तु, तरकारी खेती, नगदेबाली, फलफूल र पशुपालन गर्न/गराउन सरकारले कृषि क्षेत्रको विकासमा राहत तथा प्रोत्साहनमूलक कार्यक्रम घोषणा गरी प्रभावकारी रूपमा लागू गर्नुपर्दछ।

अन्त्यमा, वर्तमान संक्रमणको घडीमा आर्थिक अनियमितता, भ्रष्टाचार र सार्वजनिक खर्चको अपव्यय हुन सक्ने स्थितिलाई गम्भीरतापूर्वक लिन जरुरी छ। आर्थिक अनुशासन मितव्ययिता कायम गर्ने आधार पनि हो। सरकारबाट सञ्चालन गर्ने आर्थिक कार्यक्रममा उच्चस्तरको आर्थिक अनुशासन र पारदर्शिता कायम गरेर सार्वजनिक गर्दा जनविश्वास बढेर गई सरकारले लागू गर्ने नीति, योजना र कार्यक्रममा जनताको अभूतपूर्व सहयोग प्राप्त हुने विश्वास लिन सकिन्छ।


नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न
अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन
सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना
शंकर कँडेल
कोषाध्यक्ष
नेपाली काँग्रेस, चितवन

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना
रोशन कार्की
पूर्व मन्त्री
राष्ट्रिय प्रजातन्त्र पार्टी

मंगलमय शुभकामना
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना
सुमित भण्डारी
युवा नेता
नेपाल विद्यार्थी संघ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
......तपाईंको आफ्नै बैंक
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड आफ्ना ग्राहक महानुभावहरू समक्ष स-गौरव प्रस्तुत गर्दछ
रा. बा. बैंक गोल्डेन फिक्स्ड डिपोजिट
१ देखि २ वर्षे मुद्दती खातामा
९.२५%
वार्षिक ब्याजदर *

* शर्तहरू लागू हुनेछ।
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ।
सम्पर्क फोन नं.: ०१-४२५२५९५
बैंकका क्षेत्रीय तथा शाखा कार्यालयहरु
www.rbb.com.np

# चन्द्र सम्शेरको इस्तिहार र खड्गप्रसादको सम्बोधन

**केशव पौडेल**

अज्ञानता सबैभन्दा ठूलो पछौटेपन हो। कुनै बेला थियो( नेपालमा कुष्ठरोग पूर्वजन्मको एउटा श्रापका रुपमा लिइन्थ्यो र छुवाछुतजस्तै थियो। प्रधानमन्त्री चन्द्र समशेर राणाले इस्तिहार जारी गरेर यिनका लागि छुट्टै व्यवस्था र बासस्थान नतोकुन्जेल कुष्ठरोगीहरु गाउँ र बस्तीबाट निकालिन्थे। यिनकै इस्तिहारपछि कुष्ठरोगीहरुको लागि पोखरा र खोकनामा मानापाथीसहित बस्ने व्यवस्था गरियो। १९१७ तिर रुघा ज्वरोको सामान्य महामारी ( स्पेनिस फ्लु) आउँदा पनि केही मरेका थिए। चन्द्र समशेरले त्यसको सामना गरेर त्यो बेलाको राज्यहरुले आफ्नो राज्य धर्मअनुसार नागरिकको सुरक्षा गरेका थिए। औषधि उपचार नहुँदा ज्वरोको महामारीमा मन्दिरहरुमा पाठपुञ्ज भएर देउतादेवी भाकेर खुसी राख्ने प्रयास भए।

धार्मिक राज्यबाट धर्मनिरपेक्ष र एकतन्त्रीय व्यवस्थाबाट संघीय लोकतान्त्रिक व्यवस्थाले लामो फड्को मारिसक्यो यो सय बर्षमा। लामो समयपछि अर्को ठूलो कोरोनाको महामारीले विश्व आक्रान्त छ। नेपाल पनि अछुत छैन। चन्द्र समशेरकै शैलीमा दुईपटक सम्बोधन भए। त्यो हुकुमी राज्यमा जनता बोल्न सक्दैन थिए। अहिले बोलेर र लेखेर पनि राज्यको स्वभावमा ठूलो परिवर्तन छैन। गरिब र दुखीहरु सयौं किलोमिटर हिँडेर घर पुग्दै छन्। संघीयतासँगै जन्मिएका राज्यहरु आफ्ना नागरिक लिन तयार छैन। गरिबको पीडा उस्तै छ।

विश्वमा मानिसहरु कोरोना जिवाणुको आक्रमणबाट आक्रान्त छन्। विज्ञानको अभूतपूर्व विकासको वर्तमान समयमा यो रोगले अहिले सम्म एकलाख भन्दा बढीको ज्यान लिइसकेको छ। मानिसहरु त्राहिमाम छन्। चिकित्साविज्ञान अनुसन्धानमा छ र प्रयोग खोज्दै छ। तर औषधि र उपचार अझै टाढा छ। मृत्युको भयले मानिसहरु मानसिक रुपमा कमजोर देखिएका छन्। संसारभरिका आधा जनता कोठामा थुनिएर बसेका छन्। घरघरमा दबाब छ, तनाव छ। नेपालमा पनि दश हजार भन्दा बढीलाई पृथक राखिएको छ। ८ जना आक्रान्त छन् अनि झन्डै दुई सय उपचारमा छन्। दैनिकजसो निक्लने राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुमा दिनहुँ मृत्युको समाचार सुन्दा जनता त्रसित छन्। यो रोग यमराजको रुपमा चित्रित छ। हुन् त् यसको मृत्यु दर सरदर तीन प्रतिशतमात्र छ।

एक सयबर्ष पछिको महामारीमा पनि औषधिकै अभाब छ हिजो जस्तै। अहिले डर र त्रास विकेन्द्रित छ। तर हिजो राणाहरुले देउती देखाएर पनि यो अबस्थामा जनतालाई स्वस्थ राखेका थिए। त्यो बेला अध्यात्म, ज्ञान र चिन्तनले मानिसहरुलाई सान्त्वना दिन सक्ने प्रमुख आधार हुन सक्यो। ध्यान र आध्यात्मिक ज्ञान अहिले पनि रोगबाट त्रसित र आक्रान्त मानिसहरुलाई राहत दिने आधार बन्न सक्थ्यो। नेपाल अहिले धर्म निरपेक्ष भएकाले ज्ञान र ध्यानको महिमा छैन।

हिजो चन्द्र समशेरले ज्ञान र विज्ञान एक अर्काका परिपूरक हुन् भन्ने बुझेका थिए। अहले प्रमाणित भएको छ कि यो विज्ञान भौतिक बिकासका लागि आवश्यक छ भने आध्यात्मिक ज्ञान मानसिक शान्तिका लागि। तर नेपाल कतै पनि छैन। कोरोना पीडितहरु गाउँघर र चार छिमेकमा अमर्यादित भएर बस्नुपर्ने अवस्था छ। तिनका परिवार पीडित छन्। राज्यले धर्म छाडेपछि नेपालमा मानिसमा धर्म र मानवीयता हराउँदै गएको छ। भर्खरै निर्मित नयाँ प्रान्तहरुले आफ्ना नागरिक लिन अस्वीकार गरेको अवस्थाले त्यसको पुष्टि गर्छ र सीमापारि रोइकराइ गरेका थप हजारौं नेपाली र खाडीमा अर्को दश लाखभन्दा बढी कहालीलाग्ग्दो अँध्यारोमा छन्।

स्वामी विवेकानन्द भन्छन( अँध्यारोपछि उज्यालो आउँछ। जन्मपछि मृत्यु र चेतन र अर्ध चेतन दुवै शाश्वत कुरा हुन्। अँध्यारोपछि उज्यालो अनि जन्मपछि मृत्यु, चेतन र अर्धचेतन सबै नियमित प्रक्रिया हुन्। तर एकपछि अर्को आउँछ भनेर मानिस स्वीकार गर्न गाह्रो मान्छ। सनातन धर्मले यो कुरा सिकाउँदै आएको छ। यी दुई कुरा बुझे संसारको भ्रमबाट मुक्ति पाइन्छ। विज्ञानले पनि यो शाश्वत कुरा स्वीकार गर्छ। तर विज्ञानले प्राप्त गरेको अभूतपूर्व उपलब्धिमा रमाएको मानव जाति जन्ममा रमाउँछ र मृत्युसँग डराउँछ। उज्यालो चाहन्छ, अँध्यारो अश्वीकार गर्छ। ज्ञान र विज्ञान दुवैतिर सम दृष्टिकोण भएको भए मानिसहरु दुखमा पनि सुख देख्थे। अर्थात् रात र दिन अँध्यारो र उज्यालो। गीतामा श्रीकृष्ण भन्छन( जुन पुरुष प्रियलाई प्राप्त गरेर हर्षित हुँदैन। अप्रियलाई प्राप्त गरेर उद्विग्न हुँदैन, त्यही पुरुष ज्ञानी हुन्छ। त्यस्तो व्यक्तिले संसारप्रति समभाव राख्छ।

एउटा सामान्या कोरोना किटाणुले विश्व विजयको हुङ्कार लिँदै अघि बढेको मानब जातिलाई चुनौती दिँदै संसारको गति एक्कासी ठप्प पारेको छ। आफ्नो अस्तित्व नै सर्वशक्तिमान मान्दै अन्य प्राणी र प्रकृतिको दोहनमा रमाएको मानवजातिको गति एउटा भ्रुण कोरोनाले रोकेको छ। पशुपक्षीलाई खोरमा थुन्ने मानव जाति आफ्नै घरमा खोर बनाएर थुनिन पुगेको छ। तर पनि मानिसहरुले अझै प्रकृतिको शास्वत सत्यलाई स्वीकार गर्न सकेको देखिँदैन। अँध्य्यारोपछि उज्यालो आउँछ है भन्ने हेक्का छैन। सय वर्षपछिको राज्य सनातन आध्यात्मिक ज्ञान मानसिक शान्तिको आवश्यक तत्व हो भनी मान्दैन र सकारात्मक ऊर्जा प्रवाह गर्न असफल छ।

**ध्यान र ज्ञान**

ध्यान एकाग्रता हो जसको माध्यमबाट ज्ञान प्राप्त गर्न सकिन्छ। अर्थात् ध्यान ज्ञानको बाटो हो जसले आँखाबाट र शरीरले महसुस गर्ने संकटबाट मुक्ति दिन्छ। गीतामा भनिएको छ( ज्ञाता, ज्ञान र ज्ञेय यी तीन प्रकारका कर्म प्रेरणा हुन्। सत्वगुणीहरुले यी तीन कुरामा ध्यान दिन्छन् र सजिलै जीवनको यथार्थ ज्ञान प्राप्त गर्छन्। सनातन धर्मले यही कुरा गर्छ। अर्थात् सर्वजन सुखाय सर्वजन हिताय नै ज्ञानको लक्ष हो। तर कर्मकाण्डीहरुको बाहुल्यले गर्दा सामान्य रुपमा प्राप्त गर्न सक्ने ज्ञान र संसारबाट मुक्तिका कठिन मार्गमा मानिसहरु दौडिराखेका छन्।

**कर्मकाण्डीको भ्रम**

जब मानिस ज्ञानबाट विचलित हुन्छ अनि उसलाई कर्मकाण्डले डोऱ्याउन थाल्छ। विश्व अहिले त्यही बाटोमा छ। भगवान सबैप्रति समान र सम्दृष्टि राख्छन्। त्यसैले भगवान सबैको कल्याण गर्छन्। तर अज्ञानीहरु भगवानदेखि डर मान्छन्। त्यसैले कर्मकाण्डीको शरणमा पुग्छन्। सबै धर्ममा अहिले कर्मकाण्डीको पकड छ। सनातनी धर्म होस् कि पाश्चात्य। नेपालकै अवस्था हेरौं न।

**भगवान रिसाए के हुन्छ?**


कुनै पनि धार्मिक सम्प्रदायका पण्डित, मुल्ला र पादरीहरुले कहिले पनि सिकाएनन् भगवान खुसी गराउन उहाँको ज्ञानलाई ग्रहण गर्नु पर्छ। बरु उनका ज्ञानका अनुसरण होइन कि उनलाई खुसी पार्ने पार्न मन्दिर, गिर्जा घर, मस्जिद कुद्नुपर्छ भनेर सिकाए। ज्ञान प्राप्त गर्ने कठिन बाटो छाडेर मान्छेहरु मन्दिर, मस्जिद र गिर्जाघरतिर तेरो र मेरो भन्दै दौडिए।

भौतिक विकासको चरम उत्कर्षमा पुगेको छ। तर सबै धर्म सम्प्रदायमा भगवानलाई नरिसाउन के गर्न सकिन्छ भन्ने आधारमा कर्मकाण्डी काममा नै मानिसहरु अभ्यस्त भएको देखिन्छ। यहुदी हुन् कि क्रिश्चियन अनि मुस्लिम हुन् कि फारसी। सनातनी हुन् कि बुद्धिस्ट। सबैका अनुयायीहरु भगवानको सम्झना उनको ज्ञानमा होइन कि उनको जन्म, ब्रह्मलीन क्रिया कर्मजस्तो बिषयमा केन्द्रित छन्। आफ्नो आत्मामा रहेको भगवानको रुप हेर्न मन्दिर, मस्जिद, गिर्जाघर र गुम्बाकेन्द्रित अहिलेको आध्यात्मिक चिन्तनमा ज्ञान गौण हुन् पुगेको छ। गीताले भनेजस्तो भगवान सबैतिर र सबैमा हुनु हुन्छ। भगवान एक हुनुहुन्छ। तर कोरोनाको यत्रो महामारीमा पनि सर्वजन हिताय सर्वजन सुखाय भन्ने अभाव छ।

विश्व कोरोना जीवाणुबाट आक्रान्त छ। वैज्ञानिकहरु यसबिरुद्धको युद्धमा दिलोज्यान दिएर लागेका छन् तर भौतिक विकासमात्रै अहिले पर्याप्त हुँदैन। योसँगै आध्यात्मिक चिन्तन पनि लैजानु पर्छ र जसले मानसिक रुपमा दुर्बल बनेको मानव जातिलाई राहत दिने छ।

चन्द्र समशेरले धेरै पहिले बुझेका थिए वैज्ञानिक र भौतिक विकासले ल्याउने ठुलो अवसर ल्याएर मानव कल्याण गरेको छ। आध्यत्मिक चिन्तन पनि आवश्यक छ। तर सय वर्षपछिको राज्य सनातन आध्यात्मिक ज्ञान मानसिक शान्तिको आवश्यक तत्व हो भनी मान्दैन र सकारात्मक ऊर्जा प्रवाह गर्न असफल छ। चन्द्र समशेरको भन्दा समय फरक छ तर अहिले कोरोनाबिरुद्धको युद्धमा जनता चौतर्फी मारमा छन्।

**(लेखक अंग्रेजी पत्रिका स्पोटलाइटका सम्पादक हुन्।) (साभार: देश सञ्चार)**




मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

प्रकाश रसाइली स्नेही
प्रतिनिधिसभा सांसद
नेपाली काँग्रेस

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

केदार सिग्देल
प्रतिनिधिसभा सांसद
नेपाल कम्युनिष्ट पार्टी, तनहुँ–२

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

फन्द्रा तामाङ (रोशन)
वडाअध्यक्ष
निलकण्ठ नगरपालिका १४, धादिङ

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

दिनेश कोइराला
महासमिति सदस्य
नेपाली काँग्रेस, चितवन

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं। आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं। साथै
नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

युवराज दाहाल
इन्चार्ज
नेपाल कम्युनिष्ट पार्टी (नेकपा), विर्तामोड नगरपालिका, झापा

# होस गरौँ, हामी फेरि चुक्नु हुँदैन

**गोविन्द लुईँटेल**

कुरा कोरोना भाइरस अर्थात कोभिड-१९ बाटै सुरु गरूँ । चीनको वुहानमा कोरोना भाइरस फैलिँदै थियो । संक्रमण बढ्दै थियो । नेपालमा चिनियाँहरूको निर्वाध आवत-जावत चल्दै थियो । नेपालमा पनि संक्रमण फैलिन सक्ने त्रास बढ्दै थियो र उच्च सतर्कता अपनाउन सरकारलाई सुझाव दिने क्रम पनि सुरु भएको थियो । धुमधामको प्रचार-प्रसार र तामझामको उद्घाटनबाट नेपाल भ्रमण वर्ष भरखरै सुरु भएको थियो, २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ । पर्यटनमन्त्रीले त भ्रमण वर्ष सफल पार्नै पर्ने थियो नत्र उनी असफल ठहरिन सक्थे । प्रधानमन्त्री केपी शर्मा ओली केही सचेत देखिएका थिए । उनले नयाँ सभामुखले अध्यक्षता गरेको प्रतिनिधिसभाको पहिलो बैठकमा कोरोना भाइरसको नाम नलिई 'भ्रमण वर्षको सुरुमै प्राकृतिक हिसाबले धक्काका संकेतहरू देखापरेको' बताए । यसको सावधानीपूर्वक सामना गर्नुपर्ने र सरकार त्यसको तयारीमा लागेको पनि उनले संसदलाई जानकारी गराए । आफ्नो पालोमा विपक्षी दलका नेता शेरबहादुर देउवा एकाएक जङ्गिए- यो के धक्का हो ? कसले दिने भएको छ धक्का ? हामीले पनि थाहा पाउनुपऱ्यो । हामी सहयोग गर्न तयार छौँ । कसले धक्का दिन सक्छ हामी पनि हेरौँ !

देउवाले धक्काको के अर्थ लगाए, उनै जानून् । यसको तीन सातामा कोरोना भाइरसले चीनको सीमाना पार गरिसकेको थियो । भ्रमण वर्ष सफल बनाउने अभिभारा भएका पर्यटनमन्त्री योगेश भट्टराईले कोरोनाको शक्ति भेउ पाएनन् शायद, घोषणा गरिदिए- नेपाल कोरोनामुक्त देश । उनले यस्तो घोषणा गर्नु एक महिनाअघि नै चीनबाट आएका एक जना नेपालीमा कोरोना भाइरस संक्रमण पुष्टि भइसकेको थियो । पर्यटनमन्त्रीले कोरोनामुक्त देश भनेको स्वर मधुरो हुन नपाउँदै भ्रमण वर्ष स्थगन गरेको निर्णय गर्नुपऱ्यो । अहिले त रद्द नै भइसक्यो ।

हुँदा हुँदा सिङ्गो देश लकडाउनमा छ । वर्ष २०७६ को अन्तिम मसान्तसम्ममा १२ जनामा संक्रमण पुष्टि भएको छ । धन्य ! मृत्यु भएको छैन । संक्रमणले दोस्रो चरण पार गरेको छैन । कोरोना रोकथामका सन्दर्भमा सरकारले केही गरेन, कामै गर्न सकेन भन्नु अतिशयोक्ति नै हुनेछ । प्रधानमन्त्रीले 'प्राकृतिक धम्का' भनेर सम्भाव्य संकटको संकेत गरेको नै साढे दुई महिना पूरा भएको छ । जननिर्वाचित नागरिक सरकारले नागरिकका प्रश्नको सम्यक जवाफ दिनेछ, नागरिक निरुत्तरित वा असम्यक उत्तरित हुनुपर्ने छैन । नागरिक स्वतन्त्रताका सामु मृत्यु धेरै सानो हो भन्ने कुरा अहिलेका सत्तासीन सबैले नबुझे पनि प्रधानमन्त्री ओलीले भारी मात्रामा बुझेका छन् । यो मानवीय संकटबारे विश्वका शक्तिसम्पन्न र धनाढ्य मुलुकहरू नै तयार रहेनछन् भन्ने प्रष्ट भएको छ, नेपालको के कुरा ! आज युरोपेली मुलुकहरू र संयुक्तराज्य अमेरिका हायलकायल छन् । तयार थिए भने मास्क, पीपीई, भेन्टिलेटर, परीक्षण सामग्री, औषधि, दक्ष जनशक्ति लगायतको अभाव हुने थिएन । साढे तीन महिनामा एक लाख १० हजार ज्यान जाने थिएन ।

धन्य भन्नुपर्छ, संसारलाई यति हावाकावा पारिसक्दा नेपालमा एउटै पनि ज्यान गएको छैन । प्रधानमन्त्रीले समय छँदै 'धक्का' महसुस गरेका हुन् तर तयारीमा उनको पनि पर्याप्त ध्यान पुगेन कि ! संक्रमण रोकथामका लागि सरकारको निर्णय र कामको गति मन्द भयो भन्दा अतिशयोक्ति हुँदैन । प्रधानमन्त्री बिरामी थिए । बाह्र वर्षअघि प्रत्यारोपित मिर्गौलाले काम गर्न छाडेको थियो । साताको दुई पटक होमोडाइलासिस गराउँथे । अनायसै एपेन्डिसाइटिसको शल्यक्रिया गराउनु पऱ्यो । त्यसबाट त्राण नपाउँदै मिर्गौला प्रत्यारोपणको निर्णयमा पुगे । जसै कोरोना संक्रमणले भयावह रूप लिँदै थियो, हाम्रा प्रधानमन्त्री जटिल शल्यक्रिया कक्षमा थिए, यद्यपि उनले उपप्रधानमन्त्री ईश्वर पोखरेललाई कोरोनासम्बन्धी निर्णयको जिम्मेवारी दिएका थिए । दोस्रोपटकको मिर्गौला प्रत्यारोपण सफल भयो । प्रधानमन्त्री काममा सक्रिय भए । सरकारले देशमा लकडाउन घोषणा गऱ्यो, तीन साता पुग्नै लागेको छ । अझै थपिने संकेत छ । नागरिकहरूका केही गुनासा छन् । कष्ट भएको छ तर लकडाउन गरेकोमा सरकारले धन्यवाद पाएको छ ।

गुनासो कोरोना संक्रमण रोकथामका लागि सरकारले के गऱ्यो, के गर्नुपर्थ्यो भन्नेमा भन्दा बढी प्रधानमन्त्री र मन्त्रीहरूका हाउभाउ तथा प्रतिक्रियाहरूमा छ । उनीहरूको बेढङ्गको आक्रोश र शासक बन्ने शैलीमा छ । नागरिकलाई रैती ठान्ने सोचमा छ । नागरिकहरूले खुलेआम प्रश्न उठाएका छन्, चीनबाट कोरोना भाइरससम्बन्धी स्वास्थ्य सामग्री खरिद कैयौँ गुणा महँगो भयो । यसमा अनियमितता भएको हुनसक्छ । जनताको ज्यान सुरक्षाको वहानामा भ्रष्टाचार भएको हुनसक्छ । प्रधानमन्त्री यसका छानविन गराऊ ।

नागरिकका प्रश्नमा के षडयन्त्र हुनु ! प्रश्न उठाउने नागरिकले मानवजाति नै संकटमा परेका बेला किन आफ्नो सरकारलाई असफल बनाउनु ! अनि सरकार असफल बनाउने हैसियत विपक्षी दलसँग कहाँ छ र ! प्रधानमन्त्री ओलीले गत साता मंगलबार राष्ट्रका नाममा सम्बोधन गरे । अघिल्लै दिन सूचना सार्वजनिक भयो । प्रधानमन्त्रीले नागरिक तहमा उठेका प्रश्नहरू पनि सम्बोधन गर्लान्, प्रश्न उठेका विषयमा छानविन हुनेछ भन्लान्, लकडाउनको कहरमा परेका निमुखा नागरिकलाई ढाढस देलान् भनेको त उल्टो पो भयो । प्रधानमन्त्रीले केही नयाँ घोषणा गर्लान्, जस्तो कि अति विपन्नको गाँसबास, आर्थिक राहत, कोरोना सम्बन्धी कोष वृद्धि इत्यादि । अहँ, केही पनि भएन । प्रधानमन्त्री त आफ्नो उही वाचाल शैलीमा प्रतिरक्षामा उत्रिए । निर्देशन दिए । तेइस मिनेट लामो सम्बोधनमा आधाउधी त सरकारका काममा प्रश्न उठाउनेमाथि, आलोचकमाथि एकोहोरो खनिए ।

स्वास्थ्य सामग्री खरिददारीमा मन्त्रीहरूले कमिसन लिएको आरोप लगाउँदै चौतर्फी भएको अलोचनामा वाचाल प्रधानमन्त्रीले के भन्लान् भन्नेमा धेरैको ध्यान थियो । प्रधानमन्त्री त घोर असहिष्णु शैलीमा टेलिभिजन सेटमा प्रस्तुत भए । अत्यन्त रुष्ट देखिए जो वर्तमान संकटको घडीमा अत्यन्तै अनपेक्षित थियो । प्रश्नहरूलाई 'निहित स्वार्थ पूरा गर्न चलाइएका प्रचारबाजी र बेमौसमी बाजा, लगातारको निराधार कुप्रचार, मिथ्या आरोप, सरकारलाई कमजोर पार्ने र असफल देखाउने प्रचारबाजी' भनेर सातो लिने प्रयास गरे । अपेक्षा थियो, प्रधानमन्त्रीले 'नागरिकले उठाएको प्रत्येक प्रश्न सरकारले सुनुवाइ गर्नेछ, छानविन गर्नेछ, अनियमितता गर्नेमाथि कानुनबमोजिम कारबाही हुनेछ' भन्नेछन् । उल्टो भयो । उनी त प्रश्न उठाउने माथि खनिए । 'भ्रष्टाचार नगर्ने र हुन नदिने वर्तमान सरकारको प्रतिबद्धतालाई लगातारको निराधार कुप्रचारले कमजोर पार्न सक्ने छैन'भनेर हुंकार गरे तर छानविन गराउँछु भनेनन् । आलोचक र विपक्षीलाई इतिहासको मूल्यांकनको भय देखाए । 'संकटको यस घडीमा हामी कहाँ उभिएका थियौँ, हाम्रो ध्यान केमा थियो र हामीले के भूमिका खेलेका थियौँ भन्ने मूल्यांकन इतिहासले अवश्य गर्ने नै' भनेर इतिहासमा आफ्नो सुनाममात्रै र आलोचकको दुर्नाममात्रै हुने सपना देखे । प्रधानमन्त्रीले ठिकै भनेका हुन्- नागरिकको जीवनरक्षाभन्दा महत्वपूर्ण कुरा अरू हुन सक्दैन ।

बुझ्नुपर्ने कुरा के मात्र हो भने आधुनिक राजनीतिमा राज्यका संरचना र अवयवहरूमा सत्ताको नियन्त्रण रहुन्जेल संकट र जीवनरक्षाका नाममा विधिबाहिर केही पनि गर्ने छुट शासकलाई हुँदैन । सहज अवस्थाका विधिले काम नगरेर केही बाहिर जानु परे पनि कुनै विधिकै सहारा लिनुपर्छ । विधिबाहिर केही पनि हुँदैन । विधिबाहिर भएका दिन न सत्ता रहन्छ, न अहिलको मानवसभ्यता । 'सरकारका काम संवैधानिक अङ्गहरूले सम्परीक्षण' गर्नु अगावै प्रतिरक्षामा उत्रेपछि र 'सरकार असफल बनाउने प्रयास'भनेपछि 'तिनले गर्ने अध्ययन र गर्ने फैसलाका लागि सरकार हमेसा तयार रहन्छ' भन्ने प्रधामन्त्रीको उक्तिमा पनि प्रश्न उठ्छ ।

किनभने, हाम्रा संवैधानिक अङ्गहरूमा पनि राजनीतिक भागबण्डाको प्रश्न उठ्ने गरेको छ । नागरिकमा राज्य संयन्त्रहरूमाथि अविश्वासको मात्रा बढ्दो छ । सिङ्गो राज्यका लागि यो अशुभ संकेत हो । यो गम्भीरतापूर्वक प्रधानमन्त्रीको ध्यान जानुपर्ने विषय हो । ख्यालख्यालको होइन । धन्य भन्नुपर्छ, संसारलाई यति हावाकावा पारिसक्दा नेपालमा एउटै पनि ज्यान गएको छैन । प्रधानमन्त्रीले समय छँदै 'धक्का' महसुस गरेका हुन् तर तयारीमा उनको पनि पर्याप्त ध्यान पुगेन कि ! प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको आधिकारिक पेजमा 'दुई दिन उपत्यकाबाट बाहिर जान दिने उच्चस्तरीय समितिको निर्णय' भनेर सूचना आउँछ । एक घण्टाभित्रै सोही स्थानमा 'होइन' भन्ने 'अपडेट' आउँछ । लगत्तै समितिका संयोजक रहेका उपप्रधानमन्त्री समितिको बैठक नै नबसेको र कुनै निर्णय नभएको भन्छन् र आफूलाई पानीमाथि ओभानो देखाउने प्रयास गर्छन् । सूचनामा छिनभरमै कसरी यति ठूलो फरक पऱ्यो ? नबसेको बैठक बसेको भनेर आधिकारिक पेजमा सूचना दिने को थियो ? के कारबाही भयो ? यस्ता प्रश्नले सरकारलाई असफल बनाऊलान् कि सफल बनाउन मद्दत गर्लान् ! यातायात व्यवसायी सङ्गठनका प्रतिनिधिले उतिबेलै भनेका थिए, गाडी थप दुई दिन चलाऔँ ।

नागरिकलाई देश चाहिने, घर चाहिने अनि आफन्त र सरकारको सहारा चाहिने संकटकै बेला हो । राजनीतिक नेतृत्व र राज्य संयन्त्रहरूको क्षमता देखिने बेला पनि यही हो । धेरै नेपाली दाजुभाइहरू आफ्नो सीमानापारिको सीमानामा क्वारेन्टिनको नाममा कति कष्टकर जीवन बिताउँदैछन् भन्ने हाम्रो सरकार जान्दछ । सात समुद्रपारिकाले ठूला ठूला हवाईजहाज पठाएर नेपालबाट आफ्ना नागरिक धमाधम ओसारेको सीमानापारि थन्केका ती दाजुभाइले पनि सुनेका छन् । यता खुला नाकाबाट गनिनसक्नु मान्छे खुसुखुसु छिरेका छन् । अनि किन महाकालीमा हामनफाल्नु ! आफ्नै भूमिमा क्वारेन्टिनमा बस्न पाऊँ भनेर उनीहरूले कसलाई भन्नु ?

जानी-नजानी, त्रुटि-गल्ती आदिबाट सिक्दै ढिलो-चाँडो कोरनाको कहर पार लाग्नेछ । पारलाग्नुअघि जनजीवनमा उत्पन्न हुनसक्ने अभावको संकट र पारलागेपछिको पुनरुत्थान कम सकसको हुनेछैन । राजनीतिक नेतृत्वको क्षमता यहाँ पनि देखिने छ ।

बालुवाटारको ललिता निवास जग्गा प्रकरणमा सत्तारुढ नेकपाका महासचिव मुछिए । जग्गा फिर्ता गर्ने शर्तमा उनलाई उन्मुक्ति दिएको भन्ने प्रश्न उठ्यो । सरकारी मान्छेले महासचिवले क्षतिपूर्ति पाउनुपर्ने ठोकुवा गरिदिए । कानुनले मान्यो होला तर घटना मन्थनको थोरै चेत भएको कुनै पनि नागरिकले मानेन । कृष्णबहादुर महराले अदालतबाट सफाइ पाए, नागरिकका मनबाट पाए कि पाएनन् होला ! पाएका भए, सभामुखमा त होइन, नेकपाको अरू राजनीतिक जिम्मेवारीमा उनी चाँडै पुनर्स्थापित होलान् ! सफाइ पायौ, तिम्रो दोष होइन रहेछ, दुःख पायौ भनेर पार्टीले स्वागत गर्ला !

आज सत्ताको कुर्सीबाट चर्का शब्दमा प्रश्नात्मक शैलीमा ठाडो जवाफ लगाउन त सहज हुन्छ तर नागरिक तहबाट उठेका प्रश्नको हैसियत त्योभन्दा निकै बलियो हुन्छ । तैपनि, सत्ताको कुर्सीको न्यानोमा यस्ता प्रश्न 'निम्छरा' सुनिँदा हुन् । सरकारका प्रवक्ता रहेका तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटा र भूमिसुधारमन्त्री पद्मा अर्यालको हुंकार सुन्दा सरकारले गुठी विधेयक फिर्ता लेला, सञ्चार क्षेत्रसँग सम्बन्धित अरू दुई विधेयक संसदीय समितिबाट परिमार्जन होला भनेर कसरी मान्न सकिन्थ्यो र ! सत्ता गल्ने प्रश्नहरू सधैँ 'निराधार कुप्रचार र सरकारलाई असफल देखाउने प्रयास' ठानिन्छन् शायद । सञ्चारमाध्यमहरू पनि सत्ताको यही घानमा पर्छन् । सत्तामा पुगेपछि जो कोहीलाई महिमागानको भोक लाग्दो हो शायद । हरेक बिहीबार अपराह्नतिर सिंहदबारबाट सुनिने र अन्यत्र ठाउँ-कुठाउँ कानखाने कर्कश आवाज केही दिनयता मत्थर भएको छ । त्यही आवाज हाम्रा प्रधानमन्त्रीलाई कति कर्णप्रिय थियो भन्ने थाहा पाउन तत्कालीन सञ्चारमन्त्री बाँस्कोटाले सेक्युरिटी प्रेस खरिदको मूल्यमा एक अर्ब रुपैयाँ थपेर कमिसन ७० करोड पुऱ्याउन आदेश दिएको अडियो टेप सार्वजनिक हुनु एक-दुई दिनअघि काभ्रेतिर कतै उनकै सामु गरेको भाषण पर्याप्त छ ।

लौ, बाँस्कोटाले त फरक सन्दर्भहरूमा बोलेका कुरा जोडेको भनेर आफ्नो बचाउ गरे । आफ्नो बचाउ गर्नु मौलिक हक मानेको छ संविधानले । नागरिकलाई अचम्म लागेको चाहिँ के हो भने बाँस्कोटाले अस्वीकार गरेका छन्, आवाज नक्कली हो भनेर प्रधानमन्त्रीले किन प्रतिरक्षा गर्नुपर्ने ! आवाज नक्कली त बाँस्कोटाले पनि भनेका थिएनन् । प्रत्येक सरकार सफल हुनुपर्छ । भारी मतले जननिर्वाचित यो सरकार त झन पूर्ण सफल हुनुपर्छ । किनभने, असफल हुने र नियन्त्रणबाहिरको प्राकृतिक घटनाबाहेक बीचमै फेरिने सुविधा यो सरकारलाई छैन । पूरा ५ वर्ष चल्नुपर्छ । प्रधानमन्त्रीले म यो घटना छानविन गराउँछु भनेर किन नभनेका होलान् ! यति त भनिदिएका भए हुन्थ्यो । कारबाही त धेरै परको कुरा थियो । बाँस्कोटाको अडियो प्रकरण छानविन होला, नहोला, दोषी ठहरिएलान् वा नठहरिएलान्, दोषी ठहरिए कारबाही होला वा नहोला परको कुरा भयो । धन्य ! अहिलेलाई त्यो कर्कश स्वर सुन्नु परेको छैन । सन्दर्भ वर्ष २०७६ को हो । यो वर्ष मनमा साह्रै खट्केका मध्ये केही प्रतिनिधि घटना र प्रसङ्गमात्र यहाँ उतारेको हुँ । आफ्ना प्रधानमन्त्रीलाई सुनाउने दृष्टता गरेको हुँ । सरकार र सत्तासँग मेरो कुनै लेनदेन छैन । थेरै चेतनायुक्त एउटा नागरिकका रूपमा म चाहन्छु प्रत्येक सरकार सफल हुनुपर्छ । भारी मतले जननिर्वाचित यो सरकार त झन पूर्ण सफल हुनुपर्छ । किनभने, असफल हुने र नियन्त्रणबाहिरको प्राकृतिक घटनाबाहेक बीचमै फेरिने सुविधा यो सरकारलाई छैन । पूरा ५ वर्ष चल्नुपर्छ ।

नयाँ वर्ष २०७७ सुरु भएको छ । यस वर्ष जनप्रतिनिधिका प्रश्न 'निम्छरा' नठानियून् । नागरिकका प्रश्न 'निराधार कुप्रचार र सरकार असफल बनाउने प्रयास' नठहरियून् । सामाजिक सञ्जाल शत्रु नठानियोस् । नियममा बाँध्न सरकारलाई कसैले छेक्न सक्दैन जसरी सामाजिक सञ्जाललाई कसैले रोक्न सक्दैन । आजको सामाजिक सञ्जाल समाज चिनाउने अधुनातन दर्पण हो । जनमत बुझ्ने शीघ्र साधन हो, जसले बुझे पनि हुन्छ । आधुनिक राजनीतिशास्त्रले कुनै पनि प्रश्न निरुत्तरित छाड्ने सुविधा नागरिक सरकारलाई दिँदैन । वर्ष २०७६ मानव अस्तित्वमाथि नै धावा बोलेर विदा भएको छ । यो धावा अंग्रेजी वर्षले चीनबाट सुरु गरेको थियो । राज्यले लगानी गर्नुपर्ने प्रमुख क्षेत्रहरू के हुन् र राज्यको प्राथमिकता के हो भन्ने शिक्षा कोभिड-१९ ले दिइसकेको छ । विकास र मान्छेको समृद्धिको सीमा के हो, हाम्रो जस्तो कृषिप्रधान मुलुकको उत्पादन प्राथमिकता के हो भन्ने थाहा पाउने उत्तम समय यही हो । हाम्रा नीति निर्माता र सरकारले थाहा पाउनुपर्छ, सुन्धाराको धरहराका नाकैमुनि ५२ तलाको अर्को भ्यु टावर आवश्यकता हो कि आधुनिक स्वास्थ्य सामग्री र औषधि उत्पादन गर्ने उद्योग ! प्रधानमन्त्रीको गृहनगरमा चार अर्बको भ्यू टावर बनाउने कि एउटा आधुनिक अस्पताल ! प्राथमिकता निर्धारण गर्ने समय यही हो । आज सुरक्षित विद्यालय भवन हाम्रो प्राथमिकता हो कि समुद्रमा पानी जहाज ! २०७२ को विनाशकारी भूकम्पले हाम्रा नेताहरूलाई संविधान बनाउने ब्रह्मज्ञान दियो । कोभिड-१९ पनि कुनै ज्ञान दिएरै विदा हुनेछ । अपेक्षा गरौँ, यस्तो ज्ञानमध्ये एउटा मानवताको हुनेछ र अर्को एक कार्यकालपछि सत्तामोह अन्त्यको हुनेछ ।

मानवसभ्यता रहे पो राजनीति रहन्छ, प्रतिस्पर्धा रहन्छ, विकास चाहिन्छ । मानव सभ्यता जोगाउन मानव वरिपरिको अरू के के जोगाउनु पर्छ त्यो पनि कोभिड-१९ ले सिकाएर जानेछ । दम्भ त्याग्न र वसुधैव कुटुम्बकम् प्रबर्द्धन गर्ने ज्ञान दिनेछ । होस गरौँ । हामी फेरि चुक्नु हुँदैन । शायद मातृभूमि बुझाउने समय पनि यही हो । अपेक्षा गरौँ वर्ष २०७७ ले कोरोना भाइरस अर्थात कोभिड-१९ पराजित गर्ने छ, नेपालभूमि र समस्त नेपालीजनमा सुख, शान्ति र समृद्धिको ढोका खोल्नेछ । र, जननिर्वाचित नागरिक सरकारले नागरिकका प्रश्नको सम्यक जवाफ दिनेछ, नागरिक निरुत्तरित वा असम्यक उत्तरित हुनुपर्ने छैन । नागरिक स्वतन्त्रताका सामु मृत्यु धेरै सानो हो भन्ने कुरा अहिलेका सत्तासीन सबैले नबुझे पनि प्रधानमन्त्री ओलीले भारी मात्रामा बुझेका छन् । प्रधानमन्त्री ओलीको वाककला नागरिकका जिज्ञासा र प्रश्नहरूको सम्यक जवाफमा उपयोगी हुन सकोस् । उनीबाट उनका सहयात्रीहरूले सिक्न सकून् ।

नयाँ वर्ष २०७७ को मङ्गल कामना !










## मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं । साथै नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

**खुमबहादुर सुवेदी**
अध्यक्ष तथा
ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल, परिवार, मालिगाउँ, काठमाडौं




**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## सीमा क्षेत्रमा ...

भन्दै सिमानाको सुरक्षामा कुनै पनि सम्झौता नगर्न सरकारको ध्यानकर्षण गराइन् । सांसद तारादेवी भट्टले भारततर्फ रहेका नेपालीको उचित व्यवस्थापन गर्न र खाडी मुलुकमा रहेका नेपालीसमेत खान नपाएर मर्ने अवस्था आएको भन्दै उनीहरुको तत्काल उद्धार गर्न माग गरिन् । सांसद कोमल वलीले पछिल्ला दिनमा कोरोनाको सङ्क्रमण ह्वात्तै बढेकाले तत्काल लकडाउनलाई थप व्यवस्थित गर्न आग्रह गरिन् । उनले भारतको सिमानामा बसेका नेपालीलाई व्यवस्थितरूपमा घर ल्याउने प्रबन्ध गरी उनीहरुलाई क्वारेन्टाइनमा राख्ने प्रबन्ध गर्नुपर्नेमा जोड दिइन् । सांसद वलीले कोरोना सङ्क्रमण फैलिएको स्थानमा समुदाय सिल गरेर कोरोना नियन्त्रणमा लाग्नुपर्ने र अत्यावश्यक सामग्रीको प्रबन्ध गर्न आग्रह गरिन् ।

## लकडाउन ...

महानिर्देशक टेड्रोसले पछिल्ला दिनमा युरोपमा महामारी केही कम भएको देखिएको बताए । स्पेन र इटालीमा निर्माण तथा औद्योगिक उत्पादन क्षेत्रका केही कामहरु सोमबारदेखि सञ्चालन गर्ने तयारी छ । त्यसले थप जोखिम निम्त्याउन सक्ने भन्दै डब्लुएचओले सचेत गराएको हो ।

## सुरक्षाकर्मी ...

सशस्त्र प्रहरी बल परिचालन गर्ने समाचार सार्वजनिक भइरहेका बेला प्रवक्ता श्रेष्ठको उक्त भनाइ बाहिर आएको हो । प्रवक्ता श्रेष्ठले सामाजिक सञ्जालमार्फत निर्वाचनअघिदेखि राज्यले उपलब्ध गराएको सुरक्षाकर्मी फिर्ता गर्न अनुरोध गरेका हुन् । उनले भनेका छन्, ‘मैले पूर्वगृहमन्त्रीले लिने गरेको गाडी र तेल सुविधा शुरुदेखि नै लिइनँ, सशस्त्र प्रहरी बलको पछुवा गाडी र सुरक्षाकर्मी आवश्यक नभएको ठानी केही समयपछि मैले नै जोड गरेर फर्काएँ, तर गत चुनावअघि राज्यको सुरक्षा संयन्त्रले सुरक्षाका कारणले राख्न अनुरोध गरेकाले राखिएको हो’, प्रवक्ता श्रेष्ठले आफूले नियमितरूपमा सशस्त्रको पछुवा गाडी प्रयोग नगर्ने पनि उल्लेख गरेका छन् ।

## दुई हजार ...

रोग व्याधिमा पनि यो जात्रख रोकिएको पाइँदैन । प्लेग आउँदा होस् वा भक्तपुरलगायत उपत्यकामा विभिन्न समयमा शत्रुहरुले आक्रमण गर्दा वा प्राकृतिक कारणले आपत् पर्दा समेत यो जात्रालाई निरन्तरता दिइँदै आइएको इतिहास रहेको उनी बताउँछन् ।

**नेपाल संवत् ७४१ मा जात्रा दोहोरिएको थियो**

बिस्केट जात्राको इतिहास पल्टाएर हेर्दा हालसम्म यो रोकिएको नपाए पनि पुनः सञ्चालनमा भने ल्याइएको पाइएको श्रेष्ठ बताउँछन् । उनी भन्छन्, ‘यो जात्रा नेपाल संवत् ७४१ चैत शुक्ल पूर्णिमाको दिनमा भैरवनाथको रथ तान्ने क्रममा रथ पल्टिएको इतिहास रहेको छ । क्वाछें टोलमा पल्टेपछि तान्न मिलेन र फेरि बनाएर बिस्काः जात्रा नै पुन सरञ्चालनमा ल्याएको इतिहास रहेको छ ।’ त्यस समयमा जात्रा रोकिएपछि विभिन्न विधि विधान प्रयोग गरी क्षमा पूजा र राँगो बलि दिएर जात्रा पुनः सञ्चालनमा ल्याइएको राष्ट्रिय अभिलेखालयमा रहेको उनले जानकारी दिए ।

**अब जात्रा के हुन्छ त ?**

उनका अनुसार बिस्केट जात्राका दुई पाटा रहेका छन्- एक त्रान्त्रिक विधिविधानबाट पूजाआजा गर्ने र अर्को रथ एवं लिगो ठड्याउने । यसमा भक्तपुरको तलेजु मन्दिरभित्र नै सुनको लिंगो बनाई उठाउने र विधि विधानअनुसार नै रथ तानेर पनि यो जात्रालाई सम्पन्न गर्न सकिन्छ । यो भित्री पूजा जहिल्यै हुँदै आएको हो ।

**जात्रा कहिलेदेखि मनाइयो ?**

बिस्काः जात्रा लिच्छविकालदेखि नै प्रख्यात जात्राका रूपमा रहेको अभिलेखालयमा पाइन्छ । नेपालमा लिच्छविको शासन करिब २ हजार वर्ष पहिलादेखि थियो । लेलेको शिवदेव अंशु वर्माको शिलालेखमा ध्वज गोष्टीको उल्लेख छ । यसले पनि लिच्छविको आगमनदेखि नै यो जात्रा मनाइँदै आइएको देखिन्छ । उक्त समयमा पनि दुई दिने जात्राका रूपमा मात्र यो जात्रा प्रख्यात रहेको इतिहास छ । श्रेष्ठ भन्छन्, ‘मध्यकालमा आएपछि विभिन्न शासकहरुले विभिन्न जात्रा उपजात्र सम्मिलिन गरेपछि मल्ल कालको अन्तिमसम्म पुग्दा यो जात्राले आजको रूप पाएको हो । ७४१ तिर नै राजा जगज्योतिर मल्लले बिस्काः जात्रामा भैरवनाथको जात्रा रथ जात्रा सञ्चालन गरे र थिमिमा पनि उनैले सञ्चालनमा ल्याएको इतिहास छ ।’

यस्तै, राजा जगज्योतिर मल्लभन्दा पहिला विश्व मल्ल र गंगा रानीले पनि बिस्काः जात्रामा केही विशेष विधिविधान थपेको पाइन्छ । सानो पांग्रा भएको रथ तानिँदै आएकोमा रथमा भूपतिन्द्र मल्लले रथको पांग्रा ठुल्ठूलो बनाई रथ नै ठूलो बनाउन लगाएको इतिहास छ । श्रेष्ठ भन्छन्, ‘बिस्काः जात्राको स्थापनाकालदेखि नै सम्भवत् (इतिहासमा फेला नपरेकाले) यो पहिलोपटक हो, जात्रा स्थगित भएको ।’

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं । साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

लक्ष्मी पाण्डे
कोषाध्यक्ष
नेपाली कांग्रेस, कास्की

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं । साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

तिर्थबहादुर प्रजापति
पूर्व वडा सदस्य
काठमाडौं महानगरपालिका वडा नं. ५

मंगलमय शुभकामना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न सबै एकजुट होऔं । आफू पनि बाँचौ र अरुलाई पनि बचाऔं । साथै

नव वर्ष २०७७ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशविदेशमा रहनु भएका नेपालीहरुका साथै सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना

लिलानाथ श्रेष्ठ
प्रतिनिधिसभा सांसद
नेपाल कम्युनिष्ट पार्टी (नेकपा), सिराह-३

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्

बालकन्या फर्निचर उद्योग

मन्थली-१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।

प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

नेपाल टेलिकम GSM सेवाको आकर्षक DATA / VOICE प्याकेज खरिद गर्नको लागि

*1415#

डायल गर्नुहोस् ।

राष्ट्रको सञ्चार
नेपाल टेलिकम

www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

# कोरोना संक्रमित सबै निको हुने क्रममा

काठमाडौं । नेपालमा कोरोना संक्रमण पुष्टि भएका नौ जनामध्ये आठ जनाको स्वास्थ्य अवस्था ‘सुधारोन्मुख’ हुँदै गएको छ । एक जना उपचारपछि निको भएर घर फर्किसकेका छन् । संक्रमित उपचाररत अस्पतालका चिकित्सकले कोराना संक्रमण भएकाहरू निको हुने क्रममा रहेकाले आत्तिनुपर्ने अवस्था नरहेको बताएका छन् । चिकित्सकले पर्याप्त सतर्कता अपनाउन भने सबैमा आग्रह गरेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार आइसोलेसन वार्डमा उपचाररत आठै जनाको स्वास्थ्य अवस्था सामान्य बन्दै गएको छ । संक्रमितमध्ये दुई जनाको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकु, दुई जनाको धौलागिरी अस्पताल र चार जनाको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार भइरहेको छ ।

सेती प्रादेशिक अस्पताल धनगढीका प्रवक्ता डा. जगदीश जोशीले संक्रमितहरूको स्वास्थ्य अवस्था ‘खतरामुक्त’ रहेको बताए । उनले भने, ‘संक्रमित चार जनामध्ये एक जनामा रुघाखोकी र ज्वरो आएको थियो । बाँकी तीन जनामा कुनै लक्षण देखिएको थिएन । सबैको स्वास्थ्य अवस्था सामान्य छ ।’ गत १० माघमा पहिलोपटक चीनको वुहानबाट फर्किएका ३२ वर्षीय युवकलाई कोरोना संक्रमण पुष्टि भएको थियो । हाल उनी उपचारपछि निको भएर घर फर्किसकेका छन् । १७ माघमा पुनः परीक्षण गर्दा उनको रिपोर्ट नेगेटिभ आएको थियो ।

१० चैतमा दोस्रो संक्रमित पुष्टि भएको थियो । दोस्रो संक्रमित ४ चैतमा कतार एयरको क्यूआर ६५२ को फ्लाइटबाट नेपाल भित्रिएकी थिइन् । काठमाडौंकी १९ वर्षीया ती युवती हाल शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचाररत छिन् । उनको स्वास्थ्य अवस्था सामान्य बन्दै गएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । १२ चैतमा तेस्रो संक्रमित भेटिएका थिए । उनी युनाइटेड अरब इमिरेट्स (यूएई)बाट आएका धादिङका ३२ वर्षीय नेपाली पुरुष हुन् । ६ चैतमा नेपाल फर्किएका उनी १० चैतमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा भर्न भएका थिए । उनको स्वास्थ्य अवस्था पनि सामान्य बन्दै गएको छ । उनी एयर अरबियाको फ्लाइट नम्बर जी ९५३७ बाट यूएईको सारजहाँ विमानस्थलबाट नेपाल आएका थिए । संयुक्त अरब इमिरेट्स दुबईबाट नेपाल फर्किएका धनगढीका ३४ वर्षीय पुरुष चौथो संक्रमित हुन् । १४ चैतमा संक्रमणको पुष्टि भएका उनको उपचार सेती प्रादेशिक अस्पतालमा भइरहेको छ । उनको स्वास्थ्य अवस्था सामान्य बन्दै गएको अस्पतालले जनाएको छ ।

बागलुङकी १९ वर्षीया युवती पाँचौं संक्रमित हुन् । १५ चैतमा संक्रमणको पुष्टि भएकी उनी कतार एयरको क्यूआर ६५२ को फ्लाइटबाट नेपाल आएकी थिइन् । उनको धौलागिरी अञ्चल अस्पतालमा उपचार भइरहेको छ । ४ चैतमा कतार एयरबाट नेपाल आएकी बागलुङकी महिलामा संक्रमण पुष्टि भएपछि संक्रमितको संख्या ६ पुगेको थियो । २० चैतमा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको थियो । हाल ती महिलाको धौलागिरी अस्पतालमा उपचार जारी रहेको र स्वास्थ्य अवस्था सामान्य बन्दै गएको छ । गत २० चैतमा थप तीन जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । संक्रमितमध्ये एक जनामा स्थानीय संक्रमण देखिएको थियो । चौथो संक्रमितको नाताले भाउजू पर्ने ३४ वर्षीया महिलालाई संक्रमण पुष्टि भएको हो । भारतको उत्तराखण्डबाट नेपाल आएका कञ्चनपुरका ४१ वर्षीय पुरुषमा संक्रमण देखिएको हो । यस्तै, संक्रमण देखिएकामध्ये कैलालीका २१ वर्षीय पुरुष मुम्बईबाट नेपाल फर्किएका थिए । ती तीन जनाको उपचार सेती प्रादेशिक अस्पतालमा भइरहेको छ ।

**प्रत्येक प्रदेशमा ५ हजार कीट**

कोरोना परीक्षणको दायरा फराकिलो गराएको बताउँदै आएको स्वास्थ्य मन्त्रालयले प्रत्येक प्रदेशमा ५ हजार कीट पु(याइएको बताएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार सवै प्रदेशमा र्‍यापिड डायग्नोस्टिक टेस्टका लागि उपलब्ध गराइएको हो । स्वास्थ्य मन्त्रालयले २ हजार ८ सय ९५ जनाको कोरोना परीक्षण भएको जनाएको छ । देशभरका १० स्थानबाट कोरोना परीक्षण भइरहेको छ । राष्ट्रिय जनस्वास्थ्य कार्यालयबाट २ हजार ३ सय ८२ र उपत्यकाबाहिर ५ सय १३ जनाको नमुना परीक्षण भएको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले कोरोना परीक्षणको दायरा बढाइएको बताए । हाल ७ हजार ९ सय ४० जना क्वारेन्टाइनमा बसेका छन् । यस्तै, उपत्यकाभित्र १८ जना र बाहिर ९९ जना आइसोलेसन वार्डमा उपचाररत छन् ।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस